
# धर्मकीर्ति
(बौद्ध मासिक)

# THE DHARMAKIRTI
## A Buddhist Monthly
**24th OCT 2018**


| वर्ष- ३६ | अङ्क- ७ | कतिं पुन्हि | कार्तिक २०७५ |
|---|---|---|---|


सुसंयमी बनी आफूले आफैलाई दमन गर्न सक्ने व्यक्ति निर्वाण (मुक्ति) मार्गमा पुग्न सक्नेछ। तर हात्ती, घोडा जडित रथबाट निर्वाण पुग्न सकिंदैन।

धेरै खाना खाने व्यक्ति, अल्छी र धेरै वेर सुत्ने व्यक्ति धेरै खाना खुवाएर मोटाउन दिएको सुंगुर जस्तै हो। यस्तो मूर्ख व्यक्ति बारम्बार जन्म र मरणको चक्रमा घुमिरहने गर्छ।

मूर्ख व्यक्तिहरूको संगत गर्नु भन्दा पाप रहित बनी आशक्त रहित मातङ्ग राज नाम गरेको हात्ति जस्तै एक्लै रहनु उत्तम।

आमालाई सेवा गर्नु, बुबालाई सेवा गर्नु, भाग्य प्राप्त हुने कार्य हो। त्यागी जीवन, श्रमण जीवन बिताउनु पनि भाग्य प्राप्त हुने कार्य हो। पाप कार्यबाट टाढा रही ब्राह्मणत्त्व जीवन बिताउनु पनि भाग्य उदय हुने नै कार्य हो।


*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ९८४१२५२६६२

**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७५३७७,९८४१३६६५१४

**ध्रुवरत्न स्थापित**
फोन: ९८४१२६३३५५

*सह-व्यवस्थापक*
**इन्द्रमान महर्जन**
फोन: ९८४१४३४५७२

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघ: नघ:टोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५९४६६

बुद्ध सम्बत् २५६२
नेपाल सम्बत् ११३८
इस्वी सम्बत् २०१८
बिक्रम सम्बत् २०७५

| | |
|---|---|
| विशेष सदस्य | रु. २०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. १००/- |
| यस अङ्कको | रु. १०/- |



Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# पतन हुने चार प्रकारका व्यक्तिहरू

मानिसहरू पतन हुनुमा प्रमुख कारण नै कर्त्तव्य हीन हुनु हो । कर्त्तव्यहीन व्यक्ति आफ्नो नीजि स्वार्थ परिपूर्तिका लागि खराब कार्यगर्न पछि पर्दैनन् । भगवान् बुद्ध भन्नुहुन्छ –

**"यादिसं वपते बीजं तादिसं हरते फलं"**

जस्तो चेतनाले काम र कुरा गर्छ, त्यस्तै फल भोग्नुपर्ने हुन्छ । असल कार्यले असल फल (भाग्य) प्राप्त हुन्छ भने खराब कार्यले खराब फल (दुर्भाग्य) निम्त्याउने गर्छ ।

यस सिलसिलामा भगवान् बुद्धले पतनोन्मुख तर्फ गइरहेका चार प्रकारका व्यक्तिहरूलाई यसरी प्रस्तुत गर्नुभएको छ ।

**१. अलसो गिही काम भोगी न साधु**

**२. असञ्ञो पब्बज्जितो न साधु**

**३. राजा न साधु अनिसम्मकारी**

**४. यो कोधनो पण्डितो न साधु**

अर्थात् १) अल्छी काम भोगी गृहस्थ

२) असंयमी प्रव्रजित

३) मनपरि शासन चलाउने राज्य शासक

४) रिसाहा विद्वान

१. अल्छी कामभोगी गृहस्थ–

जो व्यक्ति अल्छी हुन्छ, उसले आफ्नो जीवनमा उन्नति गर्न सक्दैन । त्यसैले भगवान् बुद्धले गृहस्थहरूलाई काखीबाट पसीना चुहिने गरी उत्साह र इमान्दारपूर्वक काम गरी कमाउन सल्लाह दिनुभएको छ । यसरी इमान्दारी र मेहनती बनी काम गर्ने व्यक्तिले आफ्नो जीवनमा सफलता हासिल गर्नेछ ।

भगवान बुद्धले भन्नुहुन्छ–

**"विरियावतों किं नाम कम्मं नसिज्झति"**

अर्थात्- मेहनत गरेको खण्डमा सिद्ध नहुने काम के छ र ?

त्यसैले राम्रो काममा मेहनती बन्नु हाम्रो कर्त्तव्य हो ।

**२. असंयमी प्रव्रजित व्यक्ति–**

प्रव्रजित (त्यागी) व्यक्तिहरू संयमी हुनु जरूरी छ । संयमपूर्वक जीवन बिताउन सक्नु उनीहरूको आभूषण, गहना वा शोभा हो । तर यसको विपरित जुन प्रव्रजित व्यक्ति पञ्चकाम सुखको वसमा रही वेहोशी वन्दै असंयमी पूर्वक जीवन विताउँछ, त्यो उसको लागि पतनको कारण वन्नेछ ।

सम्रात अशोक निग्रोध श्रामणेरको शान्त एवं संयमपूर्ण व्यवहारबाट प्रभावित भएको कारणले चन्द अशोकबाट धम्म अशोकमा परिवर्तन हुन सफल भएको कुरा इतिहासले बताइरहेको छ । फलस्वरूप सम्राट धम्माशोकले बुद्ध शासन चीरस्थायी बनाउन धेरै देन दिन सफल भए ।

**३. मनपरि राज्य चलाउने राज्य शासक–**

मनपरि राज्य शासन चलाउने राज्य शासकले जनतालाई सुखसुविधा दिलाउन सक्दैन । त्यसैले यस्ता शासक जनताको प्रिय बन्न कदापि सक्दैन । राज्य शासक जनताको हितैषी संरक्षक बन्न सक्नुपर्छ । यस्तो हुन नसक्ने असक्षम शासक पतन हुँदै जानेछ ।

४. रिसाहा विद्वान–

विद्वान व्यक्ति अभिमानी र रिसाहा बन्छ भने पनि उक्त व्यक्तिको उन्नति होइन अवनति अवश्यम्भावी हुनेछ ।

माथि उल्लेखित बुद्ध शिक्षाले भनिरहेको छ, त्यो व्यक्ति चलाख र बुद्धिमान हुनेछ जसले आफ्नो कर्त्तव्य र व्यबहार कस्तो हुनु पर्दोरहेछ भन्ने विषयमा बुझी सो अनुसार आफ्नो जीवन यापन गर्न सक्नेछ । त्यसले मात्र आफ्नो जीवन उन्नति गर्न सक्नेछ ।



Downloaded from http://www.dhamma.digital

# अग्रश्रावक रट्ठपाल (श्रद्धापूर्वक प्रव्रजित हुनेमा अग्र)

✍ कल्याण मित्र सत्यनारायण गोयन्का

"एतदग्गं, भिक्खवे, मम सावकानं भिक्खूनं
सद्धापब्बजितानं यदिदं रट्ठपालो ।"

"भिक्षुहरू, मेरा भिक्षु श्रावकहरू मध्ये श्रद्धा पूर्वक प्रव्रजित हुनेमा रट्ठपाल अग्र हुन् ।"

आयुष्मान रट्ठपाल भगवान शास्ताका अस्सी महाश्रावकहरू मध्ये एक भए । आज भन्दा अनेक कल्प अघि पदुमुत्तर सम्यक-सम्बुद्ध भगवान लोकमा उत्पन्न हुनु भएको थियो । त्यससमय एउटा शहरमा दुई धनाढ्य कुटुम्बहरू रहन्थे । दुईटै परिवारले धर्ममा श्रद्धा राख्ने अर्हन्त, साधुसन्त ब्राह्मणहरूलाई दान दक्षिणा दिने, उनीहरूको सेवा गर्ने गर्दथे । केही समयपछि दुवैको मृत्यु भयो । मृत्यु पछि दुबै परिवार मध्येका एकजना देवराज इन्द्र भएर जन्मिए । अर्को नागराजा भएर जन्मिए । त्यस जन्ममा पनि दुवैजनाको मित्रता भईरह्यो । दुबै जनाको एक आपसमा भेटघाट भईरहन्थ्यो । स्वागत सत्कार भईरहन्थ्यो, धर्मचर्चा-परिचर्चा भईरहन्थ्यो ।

एकदिन देवराज शक्रले आफ्नो साथीलाई सोधे कि- "मित्र तिमी यस अवस्थामा खुसी छौ ?"

"छैन साथी म खुसी छुईन ।"

त्यस समय सम्ममा भगवान पदुमुत्तर बुद्धको यश यस लोकमा चारै तर्फ फैलिसकेको थियो । तब देवराज शक्रले साथी नागराजलाई एउटा सुझाब दिए- "साथी ! तिमी भगवान शास्तालाई दान आदि दिएर स्वागत सत्कार गर्नु र देवलोक जान पाऊँ भनेर प्रार्थना गर्नु । उनको वरदानको फलस्वरूप तिमी पनि यहाँ आउनु, तब हामी दुवै साथी सुख पूर्वक संगै रहौंला ।"

नागराजलाई साथीको सुझाव ठीक लाग्यो र त्यस्तै गऱ्यो । उनले एक हप्तासम्म बुद्ध प्रमुख भिक्षुसंघलाई आफ्नो घरमा आमन्त्रित गऱ्यो । श्रद्धासहित सबैलाई मीठो भोजन दान दिए । त्यस महादानको समय एकदिन नागराजले भगवानको छोरो श्रामणेर उपरेवतलाई देखे । उनको बालसुलभ रूप र सरलताले नागराजलाई छोयो । एक-हप्तासम्म भोजन-वस्त्रको दान आदि गरेपछि उनको मनमा पनि बुद्धको यस्तै पुत्र भएर जन्मलिने इच्छा जाग्यो र भगवान समक्ष यही प्रार्थना गरे । भगवान पदुमुत्तरले पनि उनको कामनालाई हेर्नु भयो र एकलाख कल्प पछि लोकमा गौतम सम्यक सम्बुद्ध हुँदा उनको पुत्र राहुल भएर जन्मलिने भविष्यवाणी गर्नुभयो ।

नागराजले यो कुरा आफ्नो साथी देवराज शक्रलाई सुनाए । मित्रको कुरा सुनेर देवराज शक्रले पनि भिक्षुसंघलाई आफ्नो घरमा आमन्त्रित गरेर शुद्धभावले आदर-सत्कार गरेर स्वादिष्ट भोजन आदि दान दिए । दानको अन्तिम दिनमा उनले भगवान समक्ष प्रार्थना गरे कि- "मैले गरेको स्वागत सत्कार र दानको कारण मलाई प्राप्त हुने पूण्यको प्रतापको कारण मलाई कुनै राजपाट तथा धन-सम्पत्ति केही चाहिँदैन । म यस्तो कूलमा जन्म हुन चाहन्छु जहाँ टुक्रा-टुक्रा भई बिखेरिएको राज्यलाई फेरि जोडेर सुब्यवस्थित गरि पालन पोषण गर्न सकूँ, राष्ट्रको पालन-पोषण गर्न सकूँ ।"

भगवानले शक्रको भविष्यलाई हेर्नु भयो, उनको क्षमतालाई जाँच गर्नुभयो । सन्तुष्ट भएर भगवान पदुमुत्तर बुद्धले भविष्यवाणी गर्नु भयो कि "आज भन्दा सत सहस्र (सय हजार-एकलाख) कल्प पछि लोकमा गौतम नामको सम्यक सम्बुद्ध उत्पन्न हुनेछ । उनको शासनकालमा तिमी अग्रश्रावक रट्ठपाल हुनेछौ ।"

नागराज र देवराज शक्र दुबै अनेक कल्पसम्म देव-तथा मनुष्य योनिमा जन्मिदै रहे । भगवान गौतमको शासनकालमा नागराजले यशोधराको पुत्र राहुल भएर जन्मलिए भने शक्र रट्ठपाल श्रेष्ठीको घरमा जन्म लिए ।

रट्ठपालले कुरू जनपदको थुल्लकोट्ठिक नगरका रट्ठपालको घरमा जन्म लिए । रट्ठपाल (राष्ट्रपाल) ठूलो भएपछि उनको विवाह भयो । अति धनाढ्य कुलमा जन्मेको कारण विशाल सम्पत्तिको एकलौटो उत्तराधिकारी बने । उनले सोचे कि यति धेरै सम्पत्ति मेरा पूर्वजहरू कसैले साथमा लान पाएनन् भने म मात्र कसरी लग्न सकूँला ? यस्तो सोचेर उनले श्रमण, ब्राह्मण तथा भिक्षुहरूलाई दान दिन थाले ।

त्यसै समय भगवान गौतम कपिलवस्तुमा पधार्नु भयो । उहाँको आफ्नो पुत्र राहुल सात वर्षको थियो, उनलाई प्रव्रजित गर्नुभयो । फेरि भिक्षुसंघ सहित चारिका गर्दै कुरू जनपद तर्फ जानु भयो । त्यहाँ थुल्लकोट्ठिक नगरमा विहार



Downloaded from http://www.dhamma.digital

गर्नुभयो । नगरको सबै निवासीले भगवानको दर्शन गर्न र धर्म उपदेश सुन्न चाहे तब ब्राह्मण गृहपतिले भगवानलाई धर्मकथा द्वारा उत्साहित र उपदेश द्वारा सुख प्रदान गर्न अनुरोध गर्नुभयो ।

त्यस समय थुल्लकोट्ठिक नगरको गृहपतिका छोरो रट्ठपाल पनि त्यहीं थिए । भगवानको धर्मकथा सुनेर रट्ठपालको मनमा प्रव्रजित हुने इच्छा भयो । "भगवानले जुन धर्मसाधना (ब्रह्मचर्य) को उपदेश दिनुभयो त्यो अत्यन्त परिशुद्ध छ निष्कलंक छ । यसको पालन गृहस्थ जीवनमा रहेर हुन सक्दैन । त्यसैले म पनि गृहत्याग गरेर प्रव्रजित हुन चाहन्छु ।" रट्ठपालले आफ्नो इच्छा भगवान समक्ष ब्यक्त गरे- "भन्ते ! भगवानको देशना सुनेपछि मेरो पनि प्रव्रज्या ग्रहण गर्ने इच्छा जाग्यो । अतः मलाई उपसम्पदा दिनुहोस् । भगवान ! म माथि अनुकम्पा गर्नुहोस् ।"

"रट्ठपाल ! के तिमीले आफ्नो आमा-बुबाबाट प्रव्रज्या ग्रहण गर्ने आज्ञा लिएका छौ ?"

"छैन, भन्ते ! मैले आज्ञा लिएको छैन । आमा-बुबाको आज्ञा प्राप्त नगरिकन तथागत प्रव्रजित गर्नु हुन्न हो ?"

"हो, रट्ठपाल ! तथागत यस्तै गर्नुहुन्छ ।"

"भन्ते, भगवान ! त्यसो भए म आमा-बुबाको आज्ञा लिएर आउँछु ।" भन्दै रट्ठपाल घर गए ।

घर पुगेपछि रट्ठपालले आमा-बुबालाई भने- "आमा, आज मैले भगवान बुद्धको शुद्ध धर्म, निर्मल धर्म सुनेको छु । त्यस धर्ममा अघि बढ्नको लागि म प्रव्रजित हुन चाहन्छु । कृपागरेर मलाई गृहत्याग गर्नको लागि अनुमति दिनुहोस ।"

यस्तो सुनेर उहाँहरूले आश्चर्य मान्दै भन्नुभयो- "छोरो, रट्ठपाल ! तिम्रो मनमा यस्तो विचार कसरी आयो ? हामीले तिमीलाई यस्तो मायाले पालन पोषण गरेका छौं । तिमी हाम्रो एक्लौटो सन्तान हौ । अनन्त सुखमा हुर्केका छौ ? यस अपार धन सम्पत्तिका तिमी एक्लो हकदार हौ । तिमी आफूले चाहेको जस्तो यस सम्पत्तिको उपभोग गर । गृहस्थ जीवनमा नै रहेर इच्छा अनुसार दान दिएर पुण्य कमाउन सक्छौ । तर, छोरो रट्ठपाल ! तिमी घर छोडेर प्रव्रज्या ग्रहण गर्ने कुरै नगर ।"

रट्ठपालले दुई-पटक, तीन-पटक यस कुरालाई दोहोऱ्याए । प्रव्रज्याको लागि आमा बुबासँग प्रार्थना गरे । तर हरेक पटक हुँदैन भनेर अनुमति दिएन ।

प्रव्रज्या हुने अनुमति दिँदैन भन्ने सोचेर उनी अनशन बसे । त्यहीं खाली जमीनमा सुते, "म चाहे मृत्यु प्राप्त गर्छु वा गृह त्याग गरी प्रव्रज्या ग्रहण गर्छु" उनको यही अठोट थियो । ।

रट्ठपाल लगातार सात दिनसम्म बिना अन्न खाएर भूईमा सुतिरहे, आफ्नो जिद्दी छोडेनन् । आमा-बुबाले उनलाई धेरै सम्झाए-बुझाए "छोरो ! हामी बाँचुञ्जेल तिमीलाई गृहत्याग गर्ने अनुमति कसरी दिन सकूँला ? हामी मरे पनि यस्तो आज्ञा दिन सक्दैनौं, बाँचुञ्जेल त कसरी सम्भव होला ? जति चाहन्छौ भोग गर्नु र दान- दक्षिणा दिएर पूण्य लाभ गर्नु ।"

आमा-बुबाले जतिसुकै सम्झाए-बुझाए पनि रट्ठपाल भूईबाट उठेनन् । जमीनमा सुतेको सुतेई । तब उहाँहरूले रट्ठपालका साथीहरूलाई यी कुरा भने र आफ्नो छोरोलाई सम्झाई दिन आग्रह गरे ।

साथीहरू घर आएर सम्झाए- "साथी रट्ठपाल ! आमा-बुबाको इच्छालाई सुन, आदर गर ! उहाँहरूले तिम्रै हितको लागि भनिरहेको हो, उहाँहरूको कुरा मान । उठ, नुहाऊ र भोजन गर्नु । उहाँहरूलाई कुनै प्रकारको दुःख दिनु ठिक छैन । पूर्वजन्मको पूण्य कर्मको कारण तिमीलाई जुन धन सम्पत्ति प्राप्त भयो, त्यसलाई आफू खुसी परिभोग गर्नु । श्रमण-ब्राह्मणलाई दान दिएर पूण्य लाभ गर्नु । आमा-बुबाको इच्छालाई स्वीकार गर्नु ।"

साथीहरूले सम्झाउँदा पनि रट्ठपाल मानेनन् । उनको एउटै वचन थियो कि "अब प्रव्रज्या पाउँन् अथवा मृत्यु पाउँन् यी दुईमध्ये एउटा मात्र रोज्छु ।"

साथीहरूले अनेकौं पटक कोशीश गरेता पनि त्यही उत्तर ' प्रव्रज्या अथवा मृत्यु ।' तब साथीहरूले मिलेर आमाबुबालाई सम्झाए- "रट्ठपाल आफ्नो निर्णयमा अडिग छ । त्यसैले समयमा नै प्रव्रज्याको अनुमति दिनु नै राम्रो हुनेछ । यस्तो गरेमा नै उनको प्राणको रक्षा हुनेछ र प्रव्रजित भएर उनले उचित ज्ञान लाभ गर्नेछ । प्रव्रजित भएपछि त्यसमा मन नलागेर फेरि गृहस्थ जीवनमा फर्किन पनि सक्छ । त्यसैले उस्लाई प्रव्रजित हुन् अनुमति दिनुहोस् ।"

आमा-बुबाले हार खाए । एउटा शर्त राख्दै आमा-बुबाले भने "हामी रट्ठपाललाई प्रव्रज्या ग्रहण गर्ने अनुमति त दिन्छौं तर प्रव्रजित भएपछि एकपटक हामीले हेर्न पाऔं ।"

तब साथीहरूले रट्ठपाललाई भेटेर भने, साथी ! तिमी आमा-बुबाका अति प्रिय एक्लो छोरो भएको कारण तिम्रो



Downloaded from http://www.dhamma.digital

ज्यान रक्षाको लागि यस्तो अनुमति पायौ । तर तिमी एउटा वचन दिनु कि प्रव्रज्या ग्रहण पछि आमा-बुबालाई दर्शन दिन एक पटक जरूर आउनु ।"

रट्ठपालले यो कुरा स्वीकार गरे ।

आमा-बुबाको अनुमति पाउने बित्तिक्कै प्रसन्न भएर भगवानलाई भेट्न गए, "भन्ते ! मलाई आमा-बुबाको अनुमति प्राप्त भयो । अब मलाई प्रव्रज्या-उपसम्पदा दिने अनुकम्पा गर्नुहोस् ।"

तब रट्ठपालले भगवानबाट उपसम्पदा प्राप्त गरे । त्यसपछि भगवान थुल्लकोट्ठिकमा दुई हप्तासम्म रहनु भयो र त्यहाँबाट श्रावस्ती तर्फ लाग्नुभयो । रट्ठपाल पनि श्रावस्तीमा रहन थाले । भगवानको निर्देशन अनुसार परिश्रम गर्दै-गर्दै निर्वाण-साक्षात्कार गरे र घोषणा गरे कि- "मेरो जन्मको अन्त्य भयो, ब्रह्मचर्यवास पूरा भयो, जति गर्नु थियो, जति प्राप्त गर्नु थियो प्राप्त गरें ।" आयुष्मान रट्ठपाल अरहन्तहरू मध्ये एक भए ।

आयुष्मान रट्ठपाललाई आमा-बुबालाई दिएको वचन याद थियो । तब भगवानसंग आमा-बुबालाई भेट्ने अनुमति माग्न गए । भगवानको अनुमति प्राप्त गरेपछि रट्ठपाल थुल्लकोट्ठिक गाऊँ पुगे । त्यहाँ कोरण्य राजाको बगैंचामा रात बिताए । भोलिपल्ट बिहान पात्र-चीवर लिएर नगरमा भिक्षाटनको लागि हिँडे । आफ्नो बुबाको घर तिर गए । त्यस समय रट्ठपालका बुबा केश काट्दै थिए । टाढैबाट रट्ठपाल आएको देखे । भिक्षुको पहिरणमा छोरोलाई चिन्न सकेन । आफ्नो छोराले घर त्याग गरि प्रव्रजित भएकोले श्रमणहरू देख्दैमा रिस उठ्थ्यो । तब देख्ने बित्तिक्कै गाली दिंदै बोले "यी मूण्डेहरूले छोरोलाई प्रव्रजित बनाए ।" बुबाको यस्तो व्यवहार देखेर छोरो आश्चर्य भए, आफ्नो घरमा भिक्षा पाएन, उल्टो गाली पाए । त्यसै समय घरको कामगर्ने केटी बासी दाल फ्याँक्न गईरहेको रट्ठपालले देखे । तब आयुष्मान रट्ठपालले भने "बहिनी ! यसलाई न फ्याँक्नु बरू मेरो पात्रमा हाल्नु ।"

दासीले रट्ठपालको आवाजलाई चिन्हे, हात-खुट्टा चिन्हे । तब भित्र गएर कराउन थाली "आमा रट्ठपाल आएको छ ।"

तब मालिक्नीले भनिन्- "यो कुरा साँचो हो भने आजदेखि तिमीलाई दासताबाट मुक्त गरिदिन्छु ।"

तब आमाले आफ्नो छोरो आएको कुरा रट्ठपालको बुबालाई गएर भने । त्यस समय स्थविर रट्ठपाल पर्खालको छेउमा बसेर बासी दाल खाँदै थियो । त्यहाँ पुगेर बुबाले भने, "रट्ठपाल ! किन बासी दाल खाईरहेको, जाऊँ, घर जाऊँ ।"

"गृहपति ! हामी प्रव्रजितहरूको घर हुँदैन ? हामी गृहत्यागी हौं । तपाईंको घर गएको हो, भिक्षा पाईन, गाली चाहीं पाएँ ।"

"अब जाऊँ ।"

"गृहपति ! आजको भोजन मैले गरिसकें ।"

"त्यसो भए रट्ठपाल ! भोलिको भोजनको निमन्त्रणा स्वीकार गर्नु ।"

मौन रहेर भिक्षु रट्ठपालले भोजन स्वीकार गरे ।

छोरोले भोजनको लागि घर आउने स्वीकार गरेपछि, बुबाले भोजनको लागि तयार गरे । साथै आफ्नो सम्पत्तिका हीरा-ज्वाहरात, सुनका गहनाहरू एउटा किस्तीमा सजाए । रट्ठपालका धर्मपत्नीलाई राम्रा लुगा र गरगहनाले सजाए ता कि यस्तो देखेर छोरा प्रसन्न होउन् ।

भोलि पल्ट बुबाको घरमा भोजन खानको लागि छोरो रट्ठपाल आए । बिछ्याईएको आसनमा बसे पछि बुबाले ती हीरा–जवाहरात आदि देखाउँदै भने "रट्ठपाल यो भाग मेरो तर्फबाट तिमीलाई, त्यो तिम्री आमाको तर्फबाट, त्यो परको तिम्रो हजूर बुबाको तर्फबाट तिमीलाई दिएको हो । भिक्षु-जीवनलाई त्यागेर यी सम्पत्ति लिऊ र आफ्नो इच्छा अनुसार भोग गर अथवा दान दिएर पूण्य कमाऊ ।"

"गृहपति यदि तिमी मान्छौ भने यी सबै गाडामा हालेर नदीमा फ्याँक्न लगाउनु । किनभने यसको रक्षा गर्न तिमीलाई अनेक दुःख, शोक, बैचैन, समस्या उठाउनु पर्ने हुन्छ ।" फेरि रट्ठपालका पत्नीहरूले पाउ पक्रेर भने "स्वामी त्यहाँका अप्सराहरू कस्ता छन्, जस्को लागि हामीलाई छोडेर त्यहाँ ब्रह्मचर्यको पालना गर्दै हुनुहुन्छ ?"

"बहिनीहरू ! म अप्सराहरू प्राप्त गर्नका लागि ब्रह्मचर्य पालना गरि रहेको होइन ।"

आफ्नो पतिले बहिनी भनेर सम्बोधन गरेकाले ती पत्नीहरू सबै बेहोस् भएर भूईंमा ढले ।

*क्रमशः*

**"मृत्युले आक्रमण गर्ने समयमा हामीलाई आफ्नै छोरा छोरी, बाबु आमा एवं वन्धुहरूले पनि रक्षा गर्न सक्दैनन् ।" - धम्मपद**



Downloaded from http://www.dhamma.digital

# सधैं सम्झनुपर्ने तीन कुराहरू

*लेखक*- **भिक्षु अश्वघोष**

*अनुवाद*- **वीर्यवती**

कर्त्तव्य पालन गर्नु नै धर्म हो भन्ने विषयलाई बुझेको एक समझदार व्यक्तिले आफ्नो कर्त्तव्य पालन गर्ने कार्यमा बढि महत्व दिनु पर्छ। भगवान् बुद्धले भन्नुभएको छ, "कर्त्तव्य पालन गर्नु नै धर्म पालन गर्नु हो।" धर्म पालन गर्ने व्यक्तिलाई मात्र धर्मले रक्षा गर्ने दस्तुर रहेको हुन्छ। यो प्रकृतिको नियम हो। धर्म मूर्तिमा होइन कर्त्तव्य पालनमा लुकेको छ। यही कर्त्तव्य पालनको क्रममा आफ्नो भाग्य निर्माण गर्नको लागि ३ वटा कुराहरूलाई सधैं सम्झने हामी मानव जातीको कर्त्तव्य हुन आउँछ। ती यसरी छन्–

१) आमा बुबाको अनन्त गुण सम्झी उहाँहरूलाई आदरपूर्वक सेवा गर्नु।

२) आफू एकदिन बुढा बुढी बन्दै अशक्त हुँदै जानेछ भन्ने प्रकृतिको नियमलाई सम्झने गर्नु।

३) आफ्नो शरीर परिवार, धन सम्पत्ति र घरवार सबै त्यागी एकदिन मर्नुपर्ने अवस्थालाई सम्झने गर्नु।

भगवान बुद्ध भन्नुहुन्छ–

"**माता पितु उपठ्ठानं एतं मंगल मुत्तमं**" अर्थात् आमाबुबाको अनन्त गुण सम्झी उहाँहरूलाई सेवा गर्नु मङ्गल कार्य हो।

आमा बुबा छोराछोरीको लागि चतुर्ब्रह्म विहार गुण (मैत्री, करूणा, मुदिता र उपेक्षा) ले सम्पन्न पवित्र व्यक्ति हुनुहुन्छ। उहाँहरूले आफ्ना छोराछोरीलाई ५ प्रकारका कर्त्तव्यहरू पालन गरी हुर्काएका हुन्छन्। त्यसैले हामीले आमाबुबाको गुणलाई कदापि विर्सनु हुँदैन।

आफ्नो सन्तानको लागि आमाबुबाले ५ वटा कर्त्तव्यहरू पालन गरेको कार्यलाई आमाबुबाले आफ्ना सन्तानलाई दिएको ५ वटा ऋणको रूपमा लिइएको छ यही ऋणको आधार लिई सन्तानले आफ्नो जीवन निर्माण गर्दछ। ऋण लिएर बनाएको जीवनबाट सन्तानले आफ्ना बृद्ध बृद्धा आमाबुबालाई ५ प्रकारले नै सेवा गरी ऋण तिर्नु पर्दछ। जसले ऋण तिर्छ, उ कर्त्तव्य पालन भएको इमान्दार सन्तान ठहरिन्छ। कर्त्तव्य पालन गरेको व्यक्तिलाई मात्र धर्मले साथ दिने दस्तुर रहेको हुन्छ। जसलाई धर्मले साथ दिन्छ उ अवश्य भाग्यमानी बन्छ। यस विषयमा विस्तृत जानकारी प्राप्त गर्नको लागि गृही विनय पुस्तक अध्ययन गर्न सकिन्छ।

मानिसहरू वृद्ध वृद्धा हुँदै गएपछि अशक्त हुन्छन्। कालो टल्किएको कपाल फुल्दै फुस्रो र सेतो हुँदै जानेछ। कानले सुन्ने शक्ति हराउँदै जानेछ। आँखाले देख्ने शक्ति गुमाउँदै जानेछ। ढाड कुप्रिँदै जानेछ। स्मृति कम हुँदै जानेछ। शुद्धि बुद्धि हराउँदै गई छोराछोरी, नाती नातिनाको लागि खेलौना बनेर बस्नुपर्ने करूणाजनक अवस्था समेत आइपर्दछ।

त्यति मात्र होइन रोगी भएर बाँच्नुपऱ्यो भने त नर्कतुल्य जीवन बिताउनुपर्ने हुन्छ। आफूलाई मनपर्ने खानेकुरा खान मिल्दैन। आफूलाई जान मनलाग्ने ठाउँमा जान सक्दैन। आफ्नो परिवारकोलागि बोझ् भएर बस्नुपर्ने हुन्छ। यस्तो अवस्थामा आफूलाई कस्तो अनुभव हुने हो, त्यो अनुभव गर्ने व्यक्तिलाई मात्र थाहा हुन्छ।

हुनत यहाँ आ-आफ्नो कर्म फलको पनि कुरा आउँछ। त्यसैले भगवान् बुद्ध भन्नुहुन्छ– "**कम्म विसयो अचिन्तेय्यो**" अर्थात् हामी जस्तो साधारण मानिसको मगजमा कर्म र कर्मफलको विषयमा चिन्तन मनन गर्ने शक्ति हुँदैन।

बुद्ध शिक्षानुसार हामीले आफ्नो शरीर निरोगी बनाई राख्नको लागि सकेसम्म हामी सजग र सचेत रहनु पर्छ।। रोग नलागेसम्म आफ्नो खुशी। रोग लागपछि हाम्रो केही लाग्दैन। त्यसैले हामीले ठीक समयमा पचाउन सकिने मात्रामा उचित आहार सेवन गर्नुपर्दछ। हाम्रो स्वास्थ्यको लागि हानी हुने खाना सेवन गर्नु खतरनाक हुनेछ। पथ पहरेजमा बस्न सकेमा मात्र धेरै वर्ष सम्म निरोगी भई जीवन विताउनु सकिने छ। निरोगी पूर्वक जीवन बिताउन पाउनु नै ठूलो सुख र लाभ हो।

**विर्सन नहुने अर्को कुरा हो–**

यस संसारमा जन्मेका सबै प्राणी एकदिन मर्नुपर्ने हुन्छ। यसलाई कसैले पनि विर्सन मिल्दैन। तर धेरै जसो व्यक्तिले यो प्राकृतिक नियमलाई सम्झन चाहँदैनन्।



Downloaded from http://www.dhamma.digital

मर्नेबेला फालेर जानुपर्ने धन सम्पत्तिको मोहमा फँसी आफ्नै दाजुभाईसंग झै-झगडा गरी मुद्दा मामिलामा फँसिरहेका हुन्छन् । त्यतिमात्र कहाँ हो र ? मृतक व्यक्तिको लास अगाडि राखी दाग बत्ति नै नदिइकन अंशको लागि घाँटी समात्दै झगडा गरिरहेको घटना पनि घटिरहेकै छ ।

गृहस्थ व्यक्तिहरू मात्र होइन त्यागी जीवन बिताइरहेका भिक्षुहरू समेत भौतिक धन सम्पत्तिको मोहमा फँसी तँछाड मछाड गरी झै झगडा गर्न पछि पर्दैनन् । अहंकारी र अभिमानी बन्दै शत्रुभाव र द्वेषभावको सहारा लिन पुगिरहेका हुन्छन् । एकदिन मर्नुपर्ने प्राकृतिक नियमलाई विर्सन पुगेको चिन्ह हो यो ।

त्यसैले भगवान बुद्ध भन्नु हुन्छ-एक दिन मर्नुपर्ने यस जीवनमा तिमीहरू मनपरि असँयमीपूर्वक झगडा गर्दै व्यर्थै जीवन नविताउनु । वेहोसी नबन । एकदिन रोगी हुनुपर्ने, बुढाबुढी हुनुपर्ने मात्र होइन एकदिन यो शरीर, आफ्नो परिवार र धनसम्पत्ति त्यागेर मृत्युको वसमा जानुपर्ने घटनालाई नविर्सनु ।" ❖

*( साभार- अशल शिक्षा )*

# स्वस्थ मन

**– प्रा. डा. धनरत्न शाक्य**

हामी सबैको मनोस्वास्थ्य बाल्यकाल र किशोरावस्थादेखि नै अनुकूल हुनुपर्छ । मनोस्वास्थ्य ठीक भएन भने पढाइलेखाइ राम्रो हुँदैन । शारीरिक वृद्धि र मानसिक विकास हुन पाउँदैन । स्वस्थ किसिमले मनोरञ्जन लिन सकिँदैन । फुर्सदको समय सदुपयोग हुन गर्न पनि मुस्किल हुन्छ ।

अरूसँग सहयोगात्मक र सुमधुर सम्बन्ध बनाउन हाम्रो मानसिक स्वास्थ्य ठीक हुनुपर्छ । यसो भयो भने मात्रै हामी कुसंगत, कुलत, कुसंस्कार र तनावबाट टाढा रहन सक्छौं । बालबालिकाको व्यवहार, भावना र मनोवैज्ञानिक विकासलाई असर गर्ने मानसिक रोग २० जतिलाई हुने गर्छ ।

अध्ययन, खेलकुद, व्यायाम, संगीत, साहित्य, कला, तालिम, सामाजिक सेवाका काममा समय सदुपयोग गर्नुपर्छ ।

मानसिक रूपले स्वस्थ रहन परिवार, समाज र विद्यालयको वातावरण पनि अनुकूल हुन आवश्यक हुन्छ ।

अचेलको समाज छिटो-छिटो बदलिँदो छ । अस्वस्थ प्रतिस्पर्धा बढ्दो छ । बालबालिकामाथि अनुचित दबाब पनि उत्तिकै छ । देखासिकी, इन्टरनेटमा पहुँच, कुलत, कुसंगत, हिंसा र तनावजस्ता खतरनाक तत्त्व बढ्दै छन् । अभिभावक र परिवारजनको साथ सहयोग, समय र सामाजिक चालचलनजस्ता बचाउका तत्त्व बढ्दै छन् । अभिभावक र परिवारजनको साथ सहयोग, समय र समाजिक चालचलनजस्ता बचाउका तत्त्व घट्दा छन् । यी सबै कारणले गर्दा बालबालिका र किशोरकिशोरीको मानसिक स्वास्थ्यमा केही खास चुनौती देखा परेका छन् । ती मध्ये मुख्य चुनौती यस्ता छन् :

जाँड-रक्सीजस्ता मादक पदार्थ र चुरोट, गाँजाजस्ता नसालु पदार्थको लतमा फस्न सक्छन् ।

इन्टरनेट, सामाजिक सञ्जाल, मोबाइल, टेलिभिजन र फिल्मको लतमा पर्न सक्छन् ।

कुसंगत र कुसंस्कारले गर्दा अनुचित सम्बन्ध र विपरीतलिंगीप्रति अनुचित आकर्षणमा फस्न सक्छन् ।

अल्छी भएर काम, व्यायाम र अध्ययनमा बेवास्ता गर्न सक्छन् । कमजोरलाई हेप्ने, अरूसित झैझगडा गर्ने, धाक, धम्की देखाएर समस्या निम्त्याउने गर्न सक्छन् ।

अरूको अपरिपक्व देखासिकी गर्न, अनुशासनहीन, उदण्ड, विध्वंसकारी र असामाजिक हुन सक्छन् ।

खेलकुद, संगीत, साहित्य र कलाको ठाउँमा जुवातास, डान्सबार आदिको पछि लाग्न सक्छन् ।

अस्वस्थ यौनसम्बन्ध राख्नेवा अश्लीलता फैलाउनेतर्फ लाग्न सक्छन् ।

विद्यालयको नाफामुखी वातावरण, नैतिक शिक्षाको कमी, अनावश्यकभन्दा बढी जानकारी लाद्ने शिक्षणविधि र खराब साथीको प्रभावले असल र जेहेन्दार विद्यार्थी पनि विद्यालयमा गएर उल्टै बिग्रिन सक्छन् ।

च्यानल, इन्टरनेट, चलचित्र र विज्ञापनका

*( क्रमशः १० पेजमा )*



Downloaded from http://www.dhamma.digital

# विषको विरूवामा पानी दिनु हुँदैन

✍ धम्मवती

यो उपदेश बुद्धले किन र कसको लागि भन्नु भएको हो ? एक दिन गौतम बुद्ध वेलुवन विहारमा बस्नु भएको बेला राजा अजाशत्रुले दुष्ट देवदत्तलाई आफ्नो गुरू मानेर भक्ति गरी हिंडेकोले (अजातशत्रु पनि) नरक भोग गर्न जानु परेको कारणले यो उपदेश दिनु भएको हो ।

भगवान बुद्धलाई काँढाले बिजेको जत्तिकै दुःख दिई हिंड्ने दुष्ट र पापी देवदत्त प्रति श्रद्धा राखेर राजा अजातशत्रुले देवदत्तले भने जति दान दिएर गयाशिर्ष पर्वतमा विहार बनाएर विरोध गर्न र प्रहार गर्न धेरै सहायता दिए । उहि दुष्ट गुरू देवदत्तको हाहामा लागेर श्रोतापन्न भैसकेका आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेर पछि आफू नै विनाश भएर बस्नु पऱ्यो । त्यति मात्रै होइन, आफ्नो गुरू देवदत्त जमिन फाटेर नरकमा खसे भन्ने कुरा सुनेर आफूले पनि उसैको कुरा सुनेर आफ्नो बुबालाई मारेको मात्र सम्झेर आफू पनि देवदत्त जस्तै जमिनमा म्हासिएर जाने पो हो कि भन्ने पीरले राज्य सुख नै भोग्न नसक्ने भयो । बसी नसक्नु भयो । सुत्न पनि सकेन । उभिराख्न पनि समर्थ भएन । उसलाई त जहाँ गए पनि पृथ्वी नै फाटेर गए जस्तो हुन थाल्यो । उसको मनमा त सँधै अवीचि भन्ने नरकको ज्वाला नै आएर जिउ पोल्न थालेको जस्तो हुन थाल्यो । उसको कानले सँधै नर्कपालले बोलाएको जस्तो सुन्न थाल्यो । कुटेर पठाएको कुकुर कामे जस्तै उसको मन पनि भय र त्रासले थुरू थुरू काम्न थाले, उसको लागि बुद्ध बाहेक अरू कोहि सरण र भरोसा रहेन । यस्ता त्राशयुक्त मनलाई शान्त गर्न बुद्ध कहाँ नै जानु पर्छ भनी उसको मनले निर्णय गरे । तैपनि बुद्धलाई दुःख दिन देवदत्तले भने जतिकै सहायता पुऱ्याएको र बुद्धको उपासक आफ्नो बुबालाई पनि आफूले मारि सकेको हुँदा बुद्धकहाँ जाउँ भनी आँट गर्न सकेन । यसरी नै मन ताप र पश्चातापले पोलिराख्यो । त्यतिबेला कार्तिक पूर्णिमाको दिनमा राजगृहमा सबैले बत्ति बाली दीपावली मान्ने रहेछ ।

त्यो दिन राजा अजातशत्रु आफ्ना मन्त्रीगणका साथ आफ्नै दरबारको एक फराकिलो चौरमा बसिरहेको थियो । त्यतिकै बेला जीवक वैद्य पनि राजाको संगै बसिराखेको थियो । गौतम बुद्ध त्यसबेला जीवक वैद्यको आम्रवनमा (आँपको बगैंचामा) बस्नु भएको थियो । जीवक वैद्य बुद्ध प्रति श्रद्धा राख्ने एक बौद्ध उपासक थिए । अनि जीवक वैद्यलाई आफू नजिक बसी राखेको देखी राजा अजातशत्रुले यस्तो कल्पना गरे- “अब म यसै बसी राखेर भएन । मेरा गुरू जमिन फाटेर नरकमा पुगि सके । म पनि त्यसरी नै नरकमा जाने त होला नि । त्यसैले अब म जीवन वैद्यलाई साथमा लिएर भगवान बुद्ध कहाँ सरण जानु पऱ्यो । तर ‘म बुद्धको सरणमा जान्छु’ भनी सिधै भन्न पनि लाज लाग्छ । किनकि मैले मूर्ख देवदत्तलाई गुरूमाने.र बुद्धलाई धेरै दुःख दिइसकें । बुद्धको मुख्य उपासक आफ्नो बुबा (बिम्बिसार) लाई पनि मारि सकें । त्यसैले मैल कसरी बुद्धकहाँ जाउँ भन्ने ? वरू कुरो घुमाएर भन्नु पर्ला” भन्ने विचार गरी राजा अजातशत्रुले भन्यो –

“भो मन्त्रीगण ! आजको यो बेलुकिको मौसम खुब रमाइलो छ, खुब राम्रो छ । आकाशमा सबै नक्षत्र पूर्ण छन् (आकाशका ताराहरू सफासंग चम्किरहेछन्) । यस्तो समयमा कुनै श्रमण वा ब्राह्मणहरू कहाँ गएर धर्मको कुरा सुनी मनमा शान्ति र आनन्द लिन पाए कति राम्रो हुँदो हो ।” भनेर कुरो उठाए ।

राजाले यति भन्नासाथ मन्त्रीहरूले आ-आफ्ना गुरूहरूको वयान गरेर राजालाई आ-आफ्ना गुरूकहाँ लग्ने योजना बनाउन थाले ।

अनि एकजना मन्त्रीले सबभन्दा पहिले पूरण कस्सप भन्ने गुरूको बयान गर्दै भने– “उहाँकहाँ जानु भए तपाईंको मन शान्त होला कि !” राजाले केहि बोल्नु भएन ।

फेरी अर्को मन्त्रीले आफ्नो गुरू मक्खलि गोसालको बयान गर्दै बिन्ति गरे – “महाराज, उहाँ कहाँ जानु भए त तपाईंलाई मनमा शान्ति होला कि ?” राजा अजातशत्रु चुपलागेरै बस्नु भयो ।

फेरी अर्को मन्त्रीले भने – “महाराज, अजित केसकम्बल भन्ने गुरूकहाँ जानु भएमात हजुरलाई प्रशस्त आराम मिल्ला कि ?” यसो भन्दा पनि राजाले केहि उत्तार दिनु भएन ।



Downloaded from http://www.dhamma.digital

अर्कोले भन्यो - "महाराज, पकुध कच्चायन भन्ने गुरू ठूलो महात्मा हुनुहुन्छ। त्यहाँ जानु भएमा कल्याण हुनेछ।" यो कुरा सुनेर पनि राजाको अनुहार हँसिलो भएन।

फेरी अर्कोले बिन्ति गऱ्यो– "तपाई संजय बेलट्ठिपुत्र भन्ने गुरू कहाँ जानु पर्ला।" तैपनि राजा चुप लागेर बस्नु भयो।

फेरी अर्कोले निगन्ध नाथ पुत्रको बयान गऱ्यो। उसको बयान सुनेर पनि राजाले केहि बोल्नु भएन।

कसको संगत गरे शान्ति होला भनेर राजा अजातशत्रुले कुरो उठाएको नै जीवकबाट उसको गुरू भगवान बुद्धको बयान गराउन गराएको थियो। तर जीवक वैद्य चुप लागेरै बसि राख्यो। अरूहरूले आ-आफ्ना गुरूका बयान गरे। वैद्यले भने राजाले सोझै मसँग सोधे मात्रै जवाफ दिन्छु नत्र किन भनुं भनेर चुप लागी बसि राख्यो। राजा चाहिं जीवकबाट बुद्धको बयान गर्न लगाऔं र अनि उहाँकहाँ जाउँ भनुं भन्ने विचार गरि राखेको थियो। जीवक वैद्यले केहि नबोलेकोले करबरले राजा अजातशत्रुले नै सोध्नु पऱ्यो- "हे जीवक, तिमी किन चुप लागेर बसिराखेको ? अरूहरूले आ-आफ्ना गुरूहरूको वर्णन गरे, के तिम्रो कोहि गुरू छैन र ?"

अनि मात्रै जीवक वैद्य उठेर आफ्नो आम्रवनतर्फ फर्केर बुद्धं शरणं गच्छामि, धर्म शरणं गच्छामि, भनेर ३ पल्ट वन्दना गरी हात जोडी बिन्ति गरी अरहं आदि बुद्धका ९ गुणहरू, बुद्धले राम्ररी उपदेश गर्नु भएको धर्मका ६ गुणहरू, सुपटिपन्न आदि संघका ९ गुणहरू बयान गरेर उहाँ ल्केशको आगो निभिसकेको बुद्ध कहाँ तपाई सरण जानु भएमा शान्ति र आनन्द पाउनु हुने छ। उहाँको दर्शनले नै मन हलुंगो हुन्छ। उहाँको धर्म उपदेश र शिक्षाले आनन्द र सुख पाउनु हुने छ भन्ने मलाई बिश्वास छ। हाल उहाँ मेरै आम्रवनमा २५० भिक्षुहरू सहित बस्नु भएको छ भनेर बिन्ति चढाए।

वैद्यबाट यति कुरा सुनेर मात्रै राजाको मुख उज्यालो भयो। संतोष प्रकट गऱ्यो। हर्षित भयो। अनि राजाबाट आज्ञा भयो- "जीवक ! त्यसो भए अहिले तुरून्तै उहाँ कहाँ जाऊँ। हात्ति घोडा आदि तैयार गर।"

वैद्यले तुरून्तै हात्ति, घोडा र महिलाहरूको पल्टन आदि धेरै आरक्षकहरूको बन्दोबस्त मिलाई दिए। हात्ति चढी थुप्रै परिवार सहित राजा जीवक वैद्यको आम्रवनमा सवारी भयो।

त्यहाँ २५० भिक्षुहरू निश्चल र निशब्द भएर शान्त पूर्वक बुद्धको धर्म उपदेश सुनि राखेको देखेर राजा आश्चर्य भएर भन्नु भयो–"अहो ! यो त हिउँदको शान्त समुद्रमा ठूलो जहाज रोकि राखेको जस्तै छ।" गौतम बुद्ध शान्तपूर्वक बसिराख्नु भएको देखेर राजाको मनमा धेरै आनन्द भएको कुरा प्रकट गर्नु भयो। यतिका मान्छेहरू यसरी चुप लागेर निश्चल भै बसिराखेको मैले कहिल्यै देखेको छैन भन्ने मनमा राखेर श्रद्धा उत्पन्न गरी हात जोडेर एकातिर बस्नु भयो। त्यसपछि राजा अजातशत्रुले भगवान बुद्धसँग सामान्य फल सूत्रको कुरा सोध्नु भयो। अनि बुद्धले दुइ वटा परिच्छेद सहितको सामान्य फलसूत्र व्याख्या गरेर सुनाउनु भयो। उपदेश सुनेर राजाको मन हलुंगो भयो र हर्षित भएर बुद्धको सरणमा गई वन्दना गरेर बुद्धलाई परिक्रमा गरी आफ्नो दरवारमा फर्कनु भयो।

अनि बुद्धले भिक्षुहरूलाई बोलाएर यसो भन्नु भयो– "भिक्षुहरू, राजा अजातशत्रुले आफ्नो खाल्डो आफैले खने अथवा आफ्नो खुट्टा आफैले बन्चरोले हाने। आफ्नो मार्गफल ज्ञानलाई आफैले नष्ट गरिदियो। दुष्टहरूको संगत गरेकोले अथवा विषको विरुवामा पानी दिएकोले उसको अमूल्य जीवन नाश भयो। कलंकित भयो। यदि राजा अजातशत्रुले राज्यको लोभमा परेर आफ्नो बुबा धर्मराज बिम्बिसारलाई हत्या नगरेको भए भर्खरै उसलाई सुनाएको सामान्य फलसूत्र कथाको अन्तमा क्लेश रहित भै श्रोतापत्ति मार्गरुपि आँखा खुल्ने थियो। भन्नाको मतलब श्रोतापत्ति मार्गज्ञान उत्पत्ति हुने थियो। तर के गर्ने ? मूर्ख देवदत्तको सरणमा गएर उसको कुरा सुनी आफ्नो बुबा धर्मराज बिम्बिसारलाई मारेको हुनाले जसरी काटि सकेको ताडको रुख फेरि पलाउँदैन त्यसरी नै श्रोतापत्ति मार्ग ज्ञानले रहित भै दुःखले मुक्त हुन नसक्ने भएर बस्नु पऱ्यो। यसरी विषको विरुवामा पानी दियो भने आफूलाई पनि हानि हुन्छ, अरुलाई पनि हानि हुन्छ।" यसो भन्नु भएपछि उहाँले पहिले पहिले घटिसकेको आफूले खनेको खाल्डोमा आफै खसेको घटना (कथा) सुनाउनु भयो।

पहिले पहिले वाराणसी देशमा ब्रह्मदत्त राजाले



Downloaded from http://www.dhamma.digital

राज्य चलाई राखेको बेलामा बोधिसत्व एक धनी ब्राह्मण कुलमा जन्म लिएर ठूलो भैसकेपछि तक्षशिलामा दिसापामोक्ष गुरु कहाँ गई सबै विद्यामा पारंगत भएर आई वाराणसी देशको दिसापामोक्ष गुरु भएर ५०० कुमारहरूलाई विद्या सिकाइ राखे। ती विद्यार्थीहरूमा संजीव भन्ने विद्यार्थी कुमार एकजना पनि रहेछ। त्यो कुमारले मरेकोलाई जिलाउने मन्त्र सिक्यो, तर उसलाई फेरि मार्ने (हटाउने) मन्त्र सिकेन। एकदिन उ अरु साथीसँग जंगलमा गएर दाउरा लिन गएको बेलामा त्यहाँ एउटा मरेको बाघ देख्यो। अनि उसले साथीहरूलाई फूर्ति लाएर भन्यो– "साथी हो, मैले मरेकोलाई जिलाउने विद्या सिकि सकें। उ त्यो मरेको बाघलाई म फेरि जिलाई दिन सक्छु।" अनि साथीहरूलाई पत्यार नलागेर सोधे– "मरेकोलाई पनि जिलाउन सकिन्छ र ? हुनै नसक्ने कुरो गरि राख्छ।"

यो सुनेर संजीवले– "लौ, नपत्याए हेर" भनेर बाघको अगाडि बसेर मन्त्र पढ्यो। साथीहरू चुपलागेर हेरि राख्यो। उसले मन्त्र पढ्दा पढ्दैमा बाघ चलमलाउन थाल्यो। त्यति हुनासाथ साथीहरू सबै भागे। संजीवले मन्त्र पढि नै राख्यो। बाघ बाँचेर उठ्नासाथै त्यहि मन्त्र पढ्नेको घाँटी पक्रेर रगत खाई मारि दियो। संजीव त्यहिं मऱ्यो। भएको घटना सबै हेरेर दाउरा लिई अरु विद्यार्थीहरू गुरुकहाँ फर्केर भएको कुरा सबै सुनाए। अनि बोधिसत्व गुरुले दुष्टहरूको उपकार गर्नु नै विनाशको मूल कारण हो भन्नु हुँदै विषको विरुवामा पानी दिनु हुँदैन, पानी दिए पछि अवश्यै सप्रने छ, तर पानी दिनु अगाडि विषको बोट हो कि अमृतको बोट हो भनेर विचार गरेर मात्रै पानी दिनु पर्दछ, अर्थात् विचार गरेर मात्रै सहायता र मद्दत दिनु पर्दछ भनेर उपदेश दिनुभयो। ❖

*( साभार- उखानको कथा संग्रह )*

## 'स्वस्थ मन' को बाँकी अंश

सामग्रीमध्ये बालमस्तिष्कले सही/गलत छुट्ट्याउन नसक्दा उनीहरू दिग्भ्रमित हुन सक्छन्। बालबालिका र किशोरकिशोरीमा आउन सक्ने यस्तो जोखिममा अभिभावक र शिक्षकले लापरबाही गर्दा मनस्थितिमा विचलन, छट्पटी, उदासी, अनिद्रालगायत समस्या आउन सक्छन्। उनीहरूको पढाइ, दैनिकी, खेलकुद् सामाजिक अन्तरक्रिया आदिमा असर पर्न सकछ। यस्तो अवस्था आउन नदिन हरेक बालबालिका र किशोरकिशोरीले निम्न पक्षमा ध्यान पुऱ्याउनुपर्छ।

हरेक बालबालिका र किशोरकिशोरीले आफू के-कस्तो बाटोमा लागिरहेको छु भनी हर्दम होसियार रहनुपर्छ। अध्ययन, खेलकुद, व्यायाम, संगीत, साहित्य, कला, तालिम, सामाजिक सेवाका काममा समय सदुपयोग गर्नुपर्छ। अरूसँग सम्बन्ध बनाउँदा राम्ररी बुझेर, अभिभावकको सल्लाह र जानकारीमा मात्र बनाउनुपर्छ।

कलिला बालबालिका र किशोरकिशोरीबाट अनुचित फाइदा उठाउने र गलत बाटोमा लगाउनेहरू पनि समाजमा हुन्छन् भन्ने बुझ्नुपर्छ।

कुनै कुरा गर्न, निर्णय लिन वा अन्योलको स्थितिमा आफ्नो कुरा सुन्ने-बुझ्ने आमाबुबा, शिक्षक, साथीसंगीलाई जानकारी दिएर, सल्लाह लिएर अघि बढ्नुपर्ने हुन्छ।

हतार र अन्योलमा कुनै पाइला चालेर पछुताउने स्थिति नआओस् भनी सचेत रहनुपर्छ। आमा-बुबा र अभिभावकका असल आनीबानी, आदर सद्भाव र समझदारीलाई ग्रहण गर्नुपर्छ।

अश्लील खालका श्रव्य-दृश्य सामग्री, च्यानल, टिभी, इन्टरनेट र चलचित्रमा भुल्नु हुँदैन।

सामान्यजस्ता लाग्ने समस्या बढ्दै गएर मानसिक, समस्याको रूप लिएको छ भने मनोपरामर्शदाता र मनोचित्सकको सल्लाह लिनुपर्छ। ❖

*(साभार- 'कान्तिपुर' आइतवार, असोज १४, २०७५)*

### बनेपा ध्यानकुटी विहार तथा मेत्ता सेन्टर (मैत्री केन्द्र)को लागि सहयोग

१) समीर बज्राचार्य, टेकु, काठमाडौंबाट आफ्नो जन्मदिनको उपलक्ष्यमा रु. १५०००/-
२) विकाश चन्द्र शाक्य, बनेपाबाट स्व. आमा दिलमाया शाक्यको पुण्यस्मृतिमा रु. ३०००/–
३) निर्मला मानन्धर, असन, कमलाक्षीबाट रु. २०००/-
४) बिष्णु प्रसाद मानन्धर, बनेपाबाट रु. १०००/-
५) प्रेमज्योती शाक्य, बनेपाबाट रु. ५००/-
६) राकेश शाक्य, बनेपाबाट रु. ५००/-
७) तुयू लक्ष्मी, अशोक रत्न शाक्य परिवार बनेपाबाट खाद्यान्न प्रदान।



Downloaded from http://www.dhamma.digital

# कुरूधम्म जातक

- वीर्यवती

कुरू राष्ट्रमा इन्द्रप्रस्थ नगरका राजा धनञ्जयको देहावसान पश्चात् राजा बनेका उनका छोराले दशराज धर्म पालन गरी कुरू धर्मानुसार आचरण गरे। पञ्चशीललाई नै कुरू धर्म पनि भनिन्छ। उनको आदर्शलाई अनुकरण गर्दै उनका माता, पटरानी, उपराजा (भाई), पुरोहित, जग्गा नाप्नको लागि डोरी समात्ने व्यक्ति, सारथी, सेंठ, द्रोण मापक, द्वार पाल र नगरशोभिनी आदि गरी त्यस देशमा जम्मा ११ जवान व्यक्तिहरूले इमान्दारी पूर्वक पाँच शीलहरू पालन गर्दै आएका थिए।

यसरी पवित्रता पूर्वक शील पालन गरी शुद्ध आचरणले युक्त रहेका राजाले आफ्ना नगरका चारवटै द्वारहरूमा, नगरको बीचमा र निवास गृहको द्वार आदि गरी जम्मा ६ वटा स्थानहरूमा ६ वटा दानशालाहरू बनाई प्रतिदिन ६ लाख धन सम्पत्ति दान गरी सारा जम्बुद्वीपलाई तहल्का मच्चाइरहेका थिए। राजाको यस त्यागमय कार्य सारा जम्बुद्वीपमा प्रशिद्ध भइरहेको थियो। बुद्धत्त्व प्राप्त गर्ने कार्यमा दृढ संकल्परत रहेका राजाले आफूलाई आध्यात्मिक मार्ग प्राप्त गर्नका लागि नभई नहुने जगको रूपमा रहेको दान र शीलको तहलाई टेकी यसलाई पार गर्न कार्यरत थियो।

त्यस समय कलिङ्ग राष्ट्रको दन्तपुर नगरमा कलिङ्ग राजाले राज्य गर्दै थिए। उसको राज्यमा वर्षा नभएको कारणले राष्ट्रमा अनिकाल पऱ्यो। दुर्बृष्टि-भय, अकाल-भय र रोग-भय आदि तीनवटा भयहरू फैलिए। राष्ट्रका यी भयहरू हटाउन अमात्यहरूले राजालाई कुरू नरेशको अञ्जन वसभ नाम गरेको मङ्गल हात्ती ल्याउने सल्लाह दिए।

यो सल्लाह सुनी राजाले भन्यो- "कुरू नरेश त सेना तथा वाहनले युक्त र दुर्जय छ। त्यस्तो शक्तिशाली राजाको हात्ती हामीले कसरी ल्याउन सक्छौं ?"

अमात्यहरूले भने- "महाराज ! त्यस राजा शक्तिशाली मात्र होइन, दानी पनि छन्। दानी र शील पालन गरिरहेका त्यस धर्मात्मा राजासंग याचकहरूले मागेको खण्डमा आफ्नो अलंकृत शीर (टाउको) समेत काटेर दिन सक्छ। त्यति मात्र होइन उसले आफ्ना सुन्दर रहरलाग्दा आँखाहरू झिकेर समेत दिन सक्षम छ उ। आफ्ना सारा राज्य समेत त्याग्न तयार छ उ। जाबो एउटा हात्तिको त के कुरा ?

राजाले भन्यो- "उसंग हात्ति कसले माग्न जान सक्छ त ?"

अमात्य- "महाराज ! ब्राह्मणहरू छँदै छन् नि। हजुर लाई के को पीर ?"

यति सल्लाह पाएपछि राजाको आदेशानुसार गाउँबाट आठजवान ब्राह्मणहरू झिकाइयो। उनीहरूलाई आवश्यक सत्कार सम्मान गरिसकेपछि कुरूराष्ट्रमा मंगल हात्ति माग्न याचकको रूपमा पठाइयो।

उता कुरू राष्ट्रमा कुरू नरेश नियमित रूपले दान कार्यमा सामिल हुन पुग्यो। कुरू नरेश बोधिसत्त्वले आफु चढेर आएको मंगल हात्तिबाट उत्रेर पूर्वद्वारको दानशालामा सात आठ जवान याचकहरूलाई आफ्नै हातले भोजन दान दिए। अनि यसरी नै दान दिनु भन्ने आदेश दिई आफ्ना अनुयायीहरूलाई दान दिने जिम्मा सुम्पी उनी हात्तीमा चढी दक्षिण द्वारतर्फ अगाडि बढे। कलिङ्ग राष्ट्रबाट हात्ति माग्नका लागि आएका ब्राह्मणहरू पनि दक्षिण द्वार तर्फ एक अग्लो स्थानमा उभिरहेका थिए। जब राजाले वज्र अंकुशबाट हात्तीलाई रोकेर उनीहरू समक्ष पुगी "ब्राह्मणहरूले भने -"हे जनाधीप ! हामी त तपाइँले नै चढिराख्नु भएको अञ्जनवर्ण हात्ती माग्न आएका हौं।"

उनीहरूको कुरा सुनी राजाले खुशीसाथ आश्वासन दिदै भने– "अन्न, भृत्य, नोकर मध्ये जो कोही पनि होस् यिनीहरू मध्ये जुन मागेपनि यदि त्यो उद्देश्य अनुरूप छ भने यी व्यक्तिहरू र वस्तुहरू दान दिने कार्यलाई इन्कार गर्न योग्य छैन। यो त हाम्रो पूर्वाचार्यहरूको वचन हो। त्यसैले हे ब्राह्मणहरू हो। मैले तिमीहरूलाई राजाहरूलाई मात्र योग्य भएको राज परिभोग्य, यशश्वी, अलंकृत तथा सुवर्ण जालीले ढाकिएको हात्ती दान दिदैछु। हात्ती संग संगै यसको सारथीलाई पनि दान दिदैछु। तिमीहरूलाई जहाँ लान मन लाग्छ लिएर जान सक्छौ।"



Downloaded from http://www.dhamma.digital

यसरी हात्ती माथि बस्दा बस्दै नै बोधिसत्त्व कुरू नरेशले आफ्नो वचनले हात्ती दान दिए। फेरि हात्तिबाट तल ओर्लिएर "यदि हात्तीको शरीरको कुनै भाग अलंकारले सजाउन बाकी छ कि भनी तीन पटक हात्तीलाई प्रदक्षिणा गरी हेरे। तर हात्तीको शरीरमा अलंकृत गर्न बाकी स्थान नभेटिएपछि खुशी हुँदै हात्तीको सूंडलाई ब्राह्मणको हातमा सुम्पेर सुवर्ण झारीले सुगन्धित जल खन्याई याचकहरूलाई हात्ती दान दिए। ब्राह्मणहरूले सारथी सहित हात्ती स्वीकार गरे। अनि हात्ती माथि बसी दन्तपुर नगर पुगे। त्यसपछि कलिंग राष्ट्रका नरेशलाई मंगल हात्ती हस्तान्तरण गरी उनीहरू फर्के।

तैपनि दन्तपुर नगरमा पानी परेन। हरेश खाएका राजाले आफ्ना अमात्यहरूसंग यसको कारण सोद्धा उनीहरूले भने- "महाराज ! कुरू नरेशले कुरूधर्म (पञ्चशील) पालन गरिरहेको छ। त्यसकारण कुरू राष्ट्रमा पन्ध्र - दश दिन भित्र वर्षा हुने गर्छ। यसरी राष्ट्रमा मंगल भइरहनु राजाकै गुणहरूको प्रताप हो। यस हात्तीमा गुण भएपनि आखिर कति नै गुण हुन सक्छ र ?"

राजाले अमात्यहरूको सल्लाह मानी आफ्ना बाह्मणहरू र अमात्यहरूलाई खटाई कुरू राजा समक्ष हात्ती फिर्ता दिई सुनका पाताहरूमा कुरू धर्म लेखाएर ल्याउने आदेश दिए।

आफू समक्ष कुरू धर्म लेखाएर लानको निमित्त आएका दन्तपुरका ब्राह्मणहरू र अमात्यहरूलाई कुरू नरेशलेअलि अप्ठयारो मान्दै भने- "तात ! मैले कुरू धर्म पालन गरिरहेको त अवश्य हो। तर कार्तिक महिनाको एक दिन कार्तिकोत्सव मनाइरहेको बेला मैले चारौं तर्फ वाण चलाएको थिएँ। यसरी कार्तिकोत्सवको उपलक्षमा चलाइएका ती बाणहरू मध्ये एउटा बाण देखा परेन। त्यो बाण तलाऊमा फ्याँकिएको थियो। तीन दिशा तर्फको बाण मात्र देखा परियो। त्यसकारण मेरो मनमा यस्तो अन्दोल हुन थाल्यो- (कहिं मैले तलाउतर्फ फ्याँकेको बाणले माछाको शरीरमा घोपी माछा त मरेन ? यदि माछा मरेको भए मेरो शील भंग हुने भयो) यसरी मेरो मनमा समय समयमा यस कुरोले पिरोल्ने गरेको छ। त्यसैले मैले पालन गरिरहेको शीलले मेरो चित्त बुझाउन सकेको छैन। मैले पालन गरिरहेको कुरू धर्मप्रति मलाई नै शंका लाग्न थालेको छ। तर मेरी आमाले भने राम्ररी शुद्ध रूपले पञ्चशील अर्थात कुरू धर्म पालन गरिरहनु भएको छ। त्यसकारण तपाईहरू उहाँ समक्ष जानुभई कुरू धर्म लेखाएर लानु भएमा बेश हुनेछ।"

राजाको यस्तो कुरो सुनी ब्राह्मणहरूले भने–

महाराज ! बाण चलाउनु भएको बेलामा तपाईको मनमा जीवहिंसा गर्छु भन्ने चेतना नै छैन भने यसलाई जीवहिंसा भन्न मिल्दैन। शंका मात्र लाग्दैमा कुरूधर्म पालन बिग्रिएको भन्न मिल्दैन। शंका मात्र लागे पनि शील भंग भएको मान्नुहुने तपाई जस्तो पवित्र व्यक्तिबाट अरू कुन पापकर्म हुन सक्ला र ? त्यसैले हामीले तपाईको तर्फबाट पनि कुरू धर्म लेखेर लान चाहन्छौं। कृपया तपाईंले हामीलाई कुरू धर्म सिकाइदिनुहोस्।" यसरी प्रार्थना गरेपछि राजाले बाध्य भई ल लेख्नुस् त भन्दै सुनको पातामा कुरूधर्म यसरी लेखायो–

(१) प्राणीहिंसा नगर्नु (२) चोरी कार्य नगर्नु।
(३) काभभोग सम्बन्धि मिथ्याचार नगर्नु
(४) झूठो कुरो नगर्नु र (५) मद्यपान नगर्नु।

यसरी कुरूधर्म लेखाइसकेपछि पनि राजाले उनीहरूलाई राजमाता समक्ष कुरूधर्म सिक्न पठाए। राजमाताले पनि आफ्नो कुरूधर्म पालन गराईमा अन्दोल भएको कारणले पटरानी कहाँ पठाइन्। यसरी नै विभिन्न कारणहरू देखाई एकले अर्को समक्ष कुरूधर्म लेखाउन पठाउँदा क्रमशः राजाबाट, राजमाता, पटरानी, उपराजा, पुरोहित, जग्गा नाप्नको लागि डोरी समाट्ने व्यक्ति, सारथी, सेंठ, द्रोणमापक, द्वारपाल र नगरशोभिनी समेत गरी जम्मा ११ जवान व्यक्तिहरूसंग कुरूधर्म सुनको पातामा लेखाएर लगी दन्तपुर पुगेर कलिंग नरेशलाई सुनको पाता सुम्पेर सबै हालखवर सुनाए।

त्यसपछि कलिङ्ग नरेशले पनि कुरूधर्म पालन गरी आफ्नो आचरण सुधारे पछि कलिङ्ग राष्ट्रमा वर्षा भयो। खूब पैदावार पनि भयो।

बोधिसत्त्व कुरूनरेशले पनि बुद्धत्त्व प्राप्त गर्ने आफ्नो संकल्पलाई अगाडि सारी आफ्नो जीवन पर्यन्त दान आदि पुण्य गरी आफ्नो जीवन सफल पारे। ❖

*( साभार- दानपारमिता )*




Downloaded from http://www.dhamma.digital

# कति भए पुग्ने ?

✍ नरेन्द्रनाथ भट्टराई

इच्छाको अर्थात् चाहनाको स्वभाव नै अतृप्ति। जहाँसम्म इच्छा हुन्छ, त्यहाँसम्म अतृप्ति, असन्तोष जारी नै रहन्छ। इच्छा यस्तो छ, यो कहिल्यै पनि तृप्त रहन सक्दैन। इच्छाको अर्को यस्तो स्वभाव पनि हुन्छ, परकोलाई हेर्ने। मसंग भएको कम ! मेरो नपुग। मेरो नराम्रो। जतिसुकै राम्रो घर होस्। राम्री स्त्री होस्, अरूकै महल राम्रा, अरूकै स्त्री राम्रा। इच्छा सदा सम्पन्नताको नाममा विपदामै बस्न चाहन्छ। इच्छाको न्वारानको नाम मन हो। मनको बोलाउने नाम इच्छा हो। इच्छाले बढ्ने हुर्कने ठाउँ पायो भने सानो आगोको झिल्काले प्रलयङ्कारी आगोको रूप लिएर घर, गाउँ, बस्ती, नगर, जङ्गल सखाप पारेझैं इच्छारूपी अग्निले मानिसलाई अनेक यातना दिंदै मृत्युमा लगेर पछारिदिन्छ।

**टल्सटायको एउटा कथा छ–**

रसियाको कुनै सहर नजिकै एकजना मानिस परिवार सहित सुखैसंग जीवन यापन गरेर बसिरहेका थिए। इच्छा, आकांक्षा को दास नभएर आफूसंग जो छ, त्यसैमा सन्तोष मानेर बसेका थिए। एकदिन एकजना परदेशी तिनको घरमा आएर बास बसे। कुरामा कुरा चल्दा ती परदेशीले ती मानिसलाई "यति सानो घरमा बसेर अनि त्यति थोरै जग्गाको मालिक भएर तिमी यति प्रसन्न छौ भने तिम्रो अलि ठूलो घर र जमीन पनि धेरैं भए त तिमी पनि धनी बनेर बढी सुखी हुने थियौ होला हगि ?" भने। परदेशीको यो कुरा सुन्दा हो त नि अझ् ठूलो घर र धेरै जमीन भए त म पनि धनी बनेर झन बढी सुखी हुने थिएँ हुँला भन्ने धून तिनमा सवार भयो। कसरी यो इच्छा पूरा गर्ने हो भनेर सोच्न थाले। कल्पनाका लहर दौड्न लागे। यसो गर्दा यसो पो पर्ने हो कि भन्ने भय पनि उठ्न थाल्यो। भोलिपल्ट तिनै परदेशीलाई उपाय केही छ कि भनेर सोधे। उपाय ज्यादै सरल छ भनी परदेशीले भने ।!." तिम्रो यो घरजग्गा बेच। त्यो पैसा लगेर सइवेरियाको आदिवासीहरू बस्ने गरेको ठाउँमा खर्च गर। त्यो खर्चले यो भन्दा धेरै ठूलो घर र धेरै गुना बढी जमीन त्यहाँ पाउनेछौ। त्यहाँका मुखियालाई केही सौगात कोसेली लगेर दिएर खुसी पार्न सक्यौं भने त अनुमान गरेभन्दा पनि बढी जमीन पाउन सक्छौ" भने ! यो कुरा ती मानिसलाई चित्त बुझ्यो। घरका परिवारले इन्कार गर्दागर्दै पनि घरजग्गा बेचेर साइवेरिया तर्फ लागे।

यहाँका मुखियालाई सौगातको रूपमा मीठो रक्सी र अन्य खानेकुरा पनि चढाए। मुखिया खुसी भएर तिनलाई त्यहाँ आउनाको कारण सोधे। जमीन अलिकति पाए हुन्थ्यो भनी ती मानिसले भने मुखियाले भोलि विहान सुर्योदय हुँदादेखि सूर्यास्त सम्म हिंडेर तिमीले छोडेको ठाउँ सम्म फर्कंदा तिमी जति हिंडन सक्छौ तिमीले टेके जति ठाउँ भित्रका जमीन तिमीलाई दिउँला भने। ती मानिस खुसीले गद्‌गद् हुँदै डेरामा फर्के। भोलि यसरी दौड्ने छु, यनि जमीन ढाक्ने दूरी पार गरेर ठूलो जमीनदार बन्ने भएँ, भन्ने अनेकन कल्पनामा परेर रातभर छटपट गर्दै कहिले भोली होला, सूर्योदय होला भन्ने चिन्तामा परे। आधा रातीमा नै ओछ्यानबाट बाहिर आएर डाँडोतिर नजर दिन थाले। झिसमिस भयो। पेटभरी खाना खाए। धेरै हिंड्न, दगुर्न सकिन्न भनी केही नखाई अलिकति पानी एउटा थैलोमा हालेर झुण्डाएर सूर्योदयको पहिलो किरणमै ढोका छोडे। वायु बेगले दगुर्न थाले। युवावस्थामा पनि उनी त्यति छिटो दौड्न सकेका थिएनन्। मध्यान्न सम्ममा कोसौं कोस दगुरिसकेको थिए। अझ् एकैछिन दौड्न पाए झन बढी जमीनको मालिक हुने थिएँ, बरू फर्कंदा अहिले भन्दा पनि गति बढाउँला भनी अझ अघि बढे ! रातभरको निन्द्रा, भोक र प्यास सब बिर्सेर दौड्दै रहे ! प्यासले ज्यादै सतायो तर पानी पिइञ्जेल १०/१५ गज भएपनि बढी जमीन पाउँछु भनी पानी सम्म पनि पिएनन्। दोपहर पछि फर्किए। धेरै लामो दूरी सुर्यास्तको समय सम्ममा पुग्नुपर्ने भएकोले चाल नबढाई, सुखै थिएन। सूर्यास्तसम्ममा छोडेको ठाउँ पुग्ने हिसाबले भएभरको शक्ति लगाएर कुदे। ठाउँठाउँमा जाँचकी तैनाथ थिए। तिनले पनि झन्झन् हौसला दिंदै कुद् कुद् भन्न थाले। ती मानिस यसरी कुद्न थाले कि आखिर शक्तिले धान्न सकेन। छोडेको ठाउँको नगिचै आइपुग्दा लडेर त्यहीं मरे। त्यहीं चिहान खनेर तिनलाई गाडे। चिहानमा यस्तो लेखियो।

"एकजना मानिसलाई कति जमीन भए पुग्छ ? केबल छ फीट।"



Downloaded from http://www.dhamma.digital

माथिको कथा मृतकलाई गाड्ने चलन भएको ठाउँमा लेखिएकोले एकजना मानिसलाई ६ फीट जमीन भए पुग्ने भन्ने भयो। तर दाहसंस्कार गर्ने ठाउँमा त खरानी बनाएर बगाईदिने हुँदा केही पनि चाहिन्न।

मानिस न त जन्मदां केही साथमा लिएर आएको हुन्छ, नत जाँदा (मृत्युपछि) केही लैजान्छ। अधिकांश मानिस जन्म- मृत्युको बीचको यो छोटो समयमा यति भए त पुग्थ्यो कि भन्ने ब्यथा लागेर त्यस्ता मानिस कथाको अवस्थाको मानिस बन्न पुग्छ।

जुन कुराले आपद-विपद टार्दछ, अर्थात् सुख, शान्ति दिन्छ, त्यही सच्चा सम्पत्ति हो। त्यो सम्पत्तिको नाम हो बिवेक। हेर्दा हेर्दै स्वप्न समान केही क्षणमा नै नाश भएर जाने धन, जन, पुत्र, मित्र, पद - प्रतिष्ठा आदि साँचो सम्पत्ति होइनन्। ❖

*( साभार- परमात्माको दर्शन चिन्तनद्वारा )*

# मां

✍ **लेलिन शाक्य**

थ्व धरती पलाः तय्काः
संसार खंकूम्ह
जननी खः जन्मदाता
मां धाय्का च्वंम्ह
सु दई ग्व छं थें क्यातुगु
नुगः चाय्का बीम्ह
दइमखु मां सु हे थथे
छं थें माया याइम्ह
पलाः पतिं मचाया माया
नुगयल् ब्याका च्वंम्ह
छुं हे जूसां मचायात
थःत हे जूथें ताइम्ह
म्वाः धाय् गथे छन्त
न्ह्याथाय् न्ह्याबलेंनं माः
संसार थ्व खनीगु हे
आधार खः छ मां।

## धर्मकीर्ति बौद्ध ज्ञानमाला भजनया गतिविधि

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

ने.सं. ११३८ गुँलाथ्व दुतिया तदनुसार २०७५ श्रावण २५ गते इचंगु गुम्वाय् च्वनाबिज्याम्ह तासी गुरुया ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल। माइक्रो बसया व्यवस्था भजन कोषं पाखें जुगु खः। बसया दाँ ४०००/– ख।

ने.सं. ११३८ गुँलाथ्व अष्टमी कुन्हु मैत्री बोधिसत्व विहार जमःबहालय् श्रद्धेय केशावती गुरुमां पाखें बुद्ध पूजा व धर्मदेशना जूगु ज्या भ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जुगु जुल।

मय्जु प्राणमाया महर्जन परिवार पाखें जलपान बियादिइगु खः। लिसें भजनयात दाँ २,०००/– देछानादीगु खः।

ने.सं. ११३८ गुँलागा नवमी कुन्हु (२०७५-०५-१९) जयमंगल विहार यल प्रमुख अनुपमा गुरुमांया ६४ दँ बुदिं व प्रव्रज्या ४४ दँ क्यंगु लसताय् वसपोलया ब्वनाय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन जूगु जुल। दाँभरी बुद्धरत्न कंसाकार पाखें लुमन्ति चिं चैत्य गुरुमांयात लल्हानादीगु व गुरुमां पाखें दाँ ३०००/– चन्दा बियाविज्यागु खः।

माइक्रो वसया दाँ ३,५००/– भजन कोषं व्यहोरेजूगु खः।

ने.सं. ११३८ गुँलागा अष्टमी कुन्हु भजन दुजः ऐश्वर्य लक्ष्मीया मां जगत लक्ष्मी ताम्राकार पाखें भजनयात ५०००/– दाँ श्रद्धा मनं ग्वाहालि स्वरुप चन्दा वियादिगु खः।

ने.सं. ११३८ गुँलाथ्व षष्टी कुन्हु भजन दुजः हरिमान रञ्जित पाखें भजनयात माइक निगः (२०००/–) प्रदान यानादीगु खः।

ने.सं. ११३८ काया अष्टमी कुन्हु मैत्री वोधिसत्व विहार जमःवहालय् श्रद्धेय कुसुम गुरुमां पाखें सञ्चालन यानाबिज्याःगु बुद्ध पूजा व धर्मदेशना ज्याभ्वलय् धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन प्रस्तुत जूगु खः।

सुलक्षणकीर्ति विहार मिसा पुचः छोरी महर्जन पाखें जलपान याकादीगु उगु ज्या भ्वलय् भजनयात जलपानदातापाखें दाँ २,०००/– दाँभरी भाजुयात लल्हानादीगु खः। थथे धर्मकीर्ति भजन प्रति श्रद्धा तयादीपिं वसपोल, वय्कपिन्त यक्व-यक्व साधुवाद भजन खलः पाखें देछागु जुल। ✧




Downloaded from http://www.dhamma.digital

# Grandma's Blackie

( Loving-Kindness )

Once upon a time, when King Brahmadatta was ruling in Benares, there was an old woman who had a calf. This calf was of a noble dark color. In fact, he was jet black without a spot of white. He was the Bodhisatta - the Enlightenment Being.



The old woman raised the little calf just as though he were her won child. She fed him only the very best rice and rice porridge. She petted his head and neck, and he licked her hand. Since they were so friendly, the people began calling the calf, 'Grandma's Blackie'.

Even after he grew up into a big strong bull, Grandma's Blackie remained very tame and gentle. The village children played with him, holding onto his neck and ears and horns. They would even grab his tail and swing up onto his back for a ride. He like children, so he never complained.

The friendly bull thought, "The loving old woman, who brought me up, is like a kind mother to me. She raised me as if I were her own child. She is poor and in need, but too humble to ask for my help. She is too gentle to force me to work. Because I also love her, I wish to releaser her from the suffering of poverty.: So he began looking for work.

One day a caravan of 500 carts came by the village. It stopped at a difficult place to cross the river. The bullocks were not able to pull the carts across. The caravan leader hooked up all 500 pairs of bullocks to the first cart. But the river was so rough that they could not pull across even that one cart.

Faced with this problem, the leader began looking for more bulls. He was known to be an expert judge of the qualitites of bulls. While examining the wandering village herd, he noticed Grandma's Blackie. At once he thought, "This noble bullock looks like he has the strength and the will to pull my carts across the river."

He said to the villagers standing nearby, "To whom does this big black bull belong? I would like to use him to pull my caravan across the river, and I am willing to pay his owner for his services." The people said, "By all means, take him. His master is not here."

So he put a rope through Grandma's Blackie's nose. But when he pulled, he could not budge him! The bull was thinking, "Until this man says he will pay for my work, I will not move."

Being such a good judge of bull, the caravan leader understood his reasoning. So he said, "My dear bull, after you have pulled my 500 carts across the river, I will pay you two gold coins for each cart - not just one, but two!" Hearing this, Grandma's Blackie went with him at once.

Then the man harnessed the strong black bull to the first cart. He proceeded to pull it across the river. This was what all one-thousand bulls could not do before. Likewise, he pulled across each of the other 499 carts, one at a time, without slowing down a bit!


When all was done, the caravan leader made a package containing only one gold coin per cart, that is, 500 coins. He hung this around the mighty bullock's neck. The bull thought, "This man promised two gold coins per cart, but

*( to be continue page 18 )*



Downloaded from http://www.dhamma.digital

# Respect of Elders



Once upon a time, there was a big banyan tree in the forest beneath the mighty himalayas. Living near this banyan tree were three very good friends. They were a quail, a monkey and an elephant. Each of them was quite smart.

Occasionally the three friends got into a disagreement. When this happened, they did not consider the opinion of any one of them to be more valuable. No matter how much experience each one had, his opinion was treated the same as the others. So it took them a long time to reach an agreement. Every time this happened, they had to start from the beginning to reach a solution.

After a while they realized that it would save time, and help their friendship, if they could shorten their disagreements. They decided that it would certainly help if they considered the most valuable opinion first. Then, if they could agree on that one, they would not have to waste time, and possibly even become less friendly, by arguing about the other tow.

Fortunately, they all thought the most valuable opinion was the one based on the most experience. Therefore, they could live together even more peacefully if they gave higher respect to the oldest among them. Only if his opinion were clearly wrong, would they need to consider others.

Unfortunately, the elephant and the monkey and the quail had no idea which one was the oldest. Since this was a time before old age was respected, they had no reason to remember their birthdays or their ages.

Then one day, while they were relaxing in the shade of the big banyan tree, the quail and the monkey asked the elephant, "As far back as you can remember, what was the size of this banyan tree?"

The elephant replied, "I remember this tree for a very long time. When I was just a little baby, I used to scratch my belly by rubbing it over the tender shoots on top of this banyan tree."

Then the monkey said, "When I was a curious baby monkey, I used to sit and examine the little seedling banyan tree. Sometimes I used to bend over and nibble its top tender leaves."

The monkey and the elephant asked the quail, "As far back as you can remember, what was the size of this banyan tree ?"

The quail said, "When I was young, I was looking for Food in nearby Forest. In that Forest there was a big old banyan tree, which was full of ripe berries. I ate some of those berries, and the next day I was standing right here. This was where I let my droppings fall, and the seeds they contained grew up to be this very tree!"



The monkey and the elephant said, "Aha! Sir quail, you must be the oldest. You deserve our respect and honor. From now on we will pay close attention to your words. Based on your wisdom and experience, advise us when we make mistakes. When there are disagreements, we make mistakes. When there are disagreements, we will give the highest place to your opinion. We ask only that you be honest and just."

The quail replied, "I thank you for your respect, and I promise to always do my best to deserve it." It just so happened that this wise little quail was the Bodhisatta the Enlightenment Being.

**The moral Is:**

**Respect for the wisdom of elders leads to harmony.**

*(Source- Lumbini, Vol.19, B.E. 2560, May 2016)*



Downloaded from http://www.dhamma.digital

# कर प्रणाली प्रति बुद्धया बिचाः

✍ **त्रिरत्न मानन्धर** 'सद्धम्म कोविद'

अनिवार्य रूपं सरकारयात पुले माःगु तर उकिया प्रत्यक्ष लाभ दावी याये मदइगुयात करया परिभाषा कथं कयातःगु दु। कर राज्यया श्रोत खः। राज्यपाखें यायेमाःगु विभिन्न ज्याखँ पूवंकेत कर कायेगु चलन जूगु खः। सामान्यत कर धयागु आर्थिक क्रियाकलापया वापत म्हइगु खः। तर थौंकन्हय् राज्यपाखें विभिन्न नियम दयकाः आर्थिक क्रियाकलाप नाप सम्बन्ध मदुगु ज्याखँय् नं कर म्हयेगु चलन जुयावःगु दु। आय कर, सम्पत्ति कर, मूल्य अभिवृद्धि कर, घरजग्गा कर धकाः विविध प्रकारया कर थौंकन्हय् राज्यपाखें म्हयाच्वंगु दु। कर मपुलीपिं मनूत सजायया भागीदारी जुइमालीगु जुयाच्वन। थुकथं करं क्यंकाः म्हइगु हे कर खः।

कर कायेगु चलन सभ्यताया शुरूवात निसें दयाच्वंगु खँ भगवान बुद्धं अग्गञ्ञ सुत्रय् कनाबिज्याःगु दु। २६०० वर्ष न्ह्यः बुद्ध जन्म जुयाबिज्याःगु ई स्वयां न्ह्यवः हे कर कायेगु चलन दयेधुंकूगु खँ पालि साहित्यय् स्पष्ट यानातःगु दु। लिपा पश्चिमेली विद्वान व अर्थशास्त्रीपिंसं थुकियात छगू निश्चित पद्धति कथं विकासया लागि प्रयास जुल । कर प्रणाली गुकथं प्रभावकारी यायेफइ धकाः विभिन्न बिचाः प्वंकाः आपालं सफूत च्वयेगु ज्या जुयावन। आधुनिक कर प्रणालीया शुरूवात गुकियात आपालं राज्यं नालाच्वंगु दु, उकिया न्ह्यलुवाः अर्थशास्त्री एडम स्मिथ खः वय् कःया पाखें करयात प्रभावकारी यायेगु गुगु सिद्धान्त प्रतिपादन यानावन, उकियात आःतक नं संसारं नालेगु जुयाच्वंगु दु।

नेपालय् थीथी तवरं संघर्ष यानाः बल्लबल्ल न्हूगु संविधान व उकिया मार्फत देशयात संघीयता कथं न्ह्याकेज्याया कार्यान्वयन जुयाच्वंगु थ्व इलय् थीथी कथंया कर, करया दायरा व करया दरया वृद्धिया कारणं असन्तोष ब्वलनाच्वंगु दु। आपालं मनूतय्सं बलिदान यानाः प्राप्त जूगु संघीयताप्रति हे थीथी कथंया कारणं छगू कथं वितृष्णां जूवनीगु सम्भावना अप्वयाच्वंगु दु। देश संघीयताय् वनाः जनतायात राहत मखुसे आहत जुइगु आभास करया कारणं जुयाच्वंगुयात इलय् हे सम्बोधन यायेमफत धाःसा संघीयता हे असफल जूवनीगु खतरा ब्वलनेफुगु विज्ञपिंसं धयाच्वंगु दु।

सामान्यतः छुं नं विषयय् दोहोरो कर कायेगु अवस्था मदयेमाःगु खः। तर नेपालय् थीथी विषयय् दोहोरो जक मखु तेहरो कर तक नं कायेगु प्रचलन जुयाच्वंगु दु। छगू हे आर्थिक गतिविधिइ भन्सार, अन्तशुल्क, मूल्यअभिवृद्धि कर अले आयकर कायेगु चलन धयागु गरिब जनतायात अझ गरिब यायेगु जक खः। कर म्हयेगु तर करदातापिंत छुं नं प्रत्यक्ष लाभ मदइगु, विकास निर्माणया ज्या नं सीदयेक जुयामच्वंगु तर राज्यया नेतातय्सं थःगु व्यक्तिगत प्रयोजनयां लागि प्रशस्त खर्च यानाः करया रकम दुरूपयोगु जुयाच्वंगु हुनिं कर पुलेगु प्रति नकारात्मक धारणा वृद्धि जुजुं वनाच्वंगु दु।

राज्य पाखें काइगु कर प्रति न्हापां निसें जनताया नकारात्मक धारणा दु। राज्यपाखें करं क्यकाः मपूसा थीथी दण्ड सजाय जुइ धकाः ख्यानाः जनतायात बाध्य यानाकाइगु जूगुलिं मंमदयेक मनूतसें कर पुलीगु खः। करया प्रति विज्ञतय्गु तकं नकारात्मक धारणा दु। बिसौं शताब्दीया महान वैज्ञानिक अल्वर्ट आइन्स्टाइन पाखें करपाखें वाक्कदिक्क चायाः छक्व धयादीगु दु कि जिं न्ह्यागु खँ नं अःपुक थुइकेफु तर करया बारे जिं छुं हे थुइके मफु। कर थें जटिल विषय मेगु जिं मखनाः धकाः कर प्रति कटाक्ष यानादीगु खः।

बुद्धं थम्हं आर्जन याःगु आम्दानीपाखें थीथी वर्गयात सहयोग यायेमाःगु खँ कनाबिज्याःगु दु। थम्हं आर्जन याःगु आम्दानीपाखें मेपिंत नं हित याये फःसा उगु आर्जन सार्थक जुइगु बिचाः बुद्धया खः। दानया महत्वया बारे आपालं खँ वसपोलं कनाबिज्याःगु दु। थःके दुगु मेपिंत इनाबीमाः धयागु स्यनाबिज्याइम्ह बुद्धं राज्ययात पुलेमाःगु करयात विराध याइगु ला खँ हे मदु। वसपोलं तत्कालीन राजा महाराजापिंत आध्यात्मिक उपदेशया नापनापं गुकथं कर म्हयेगु व उकिया सदुपयोगु गुकथं यायेगु बारे आपालं खँ कनाबिज्याःगु दु। राज्यं कर म्हयेमाः तर व न्यायोचित कथं जुइमाः धयागु वसपोलया धापू खः। आम्दानीया श्रोत मदुपिं व खर्च यायेत पर्याप्त आम्दानी मदुपिंत कर कायेगु धयागु विद्रोहया निमन्त्रणा बीगु खः धका कूटदन्त सुत्तय् धयाबिज्याःगु दु।

कर पुलेगु जनताया दायित्व खःसा करया सदुपयोग



Downloaded from http://www.dhamma.digital

व उचित प्रयोग राज्यया दायित्व खः । थःके दुगु बस्तु मेपिंत इनेमाः धयागु सन्दर्भय् वसपोलपाखें पञ्चबलिया उपदेश बियाबिज्याःगु खः । पंचबलि धयागु थम्हं आर्जन याःगु आम्दानीया प्रयोजन थः परिवारया लागिं, थः थाय् वःपिं पाहाँपिनि लागि, मदयेधुंकूपिं ञातिबन्धुपिनिगु नामय्, समाजया हित याइपिनिगु लागि व राज्यया लागि धकाः न्यागू वर्गयात हित जुइकथं खर्च याये सयेकेमाः धयाबिज्याःगु खः ।

पंचबलि मध्ये न्यागूगु बलि राजबलि खः । राज्ययात आम्दानीया छुं भाग पुलेगुयात राजबलि धकाः वसपोलं धयाबिज्याःगु खः । थुकथं वसपोलं राज्ययात कर पुलेगु लागिं प्रेरित याना बिज्याःम्ह न्हापांम्ह आध्यात्मिक गुरू कथं कायेफु । राजबलि उबल्य जक न्यायोचित जुइ गुबलय् राज्यं जनतायात थीथी कथंया रोजगारया व्यवस्था यानाः उल्लेख्य आम्दानी यायेफइगु अवस्था दयेका बी । कर कायेगु जक मखु कर पुलेगु सामर्थ्य दयेकाबीगु नं राज्यया दायित्व खः धकाः चक्रवर्ति सिंहनाद सुत्तय् कनाबिज्याःगु दु ।

न्यायोचित कर कायेमाः जनतायात दुःख बीकथं कर कायेमजिउ धयागु वसपोलया सन्देशयात आत्मसात यासें अशोक महाराज पाखें करप्रणालीयात जनता मैत्री जुइकेगु नितिं थीथी कथंया गतिविधि याःगु उल्लेखनीय जू । लुम्बिनीया अशोक स्तम्भय् उल्लेख जुयाच्वंगु ब्राम्ही लिपिया उबलिके कटे अथभागिएच धयागु लुम्बिनी गामय् च्याब्वय् छब्व कर छुट याःगु अर्थय् कयातःगु दु । कर छुट यायेगु लागिं अशोकपाखें राज्यया ढुकुटी याकनं फुनावनीगु युद्ध थेंज्याःगु ज्या व अनावश्यक राज्यया खर्च क्वपालाः थीथी कथंया जनहितकारी ज्या याःगु खः । थाय् थासय् लः या व्यवस्था याःगु पाटिपौवाया व्यवस्था अले मनूतय्गु जक मखुसे पशुतय्गु अस्पतालया तकं व्यवस्था यायेफुगु धयागु राज्यपाखें अनावश्यक खर्च क्वपालाः हे जक सम्भव दुगु खः ।

थुकथं कर कायेमाः तर व न्यायोचित जुइमाः, उकिया सदुपयोग जुइमाः मंमदयेक कर पुलेगु वातावरणया पलेसा लय्लय तायाः पुलेगु अवस्था जुइमाः धयागु बुद्ध शिक्षायात हृदयंगम याना नेपाःया कर प्रशासन न्ह्याः वन धाःसा सहज कथं कर म्हयेगु ज्याय् सफल जुइफुइगु खँय् निगू मत जुइमखु । ❖

*(साभार- 'नेपाल भाषा टाइम्स्' वि.सं. २०७५ भदौ २० बुध बाः)*

*continue from page 15*

## Grandma's Blackie ...

that is not what he had hung around my neck. So I will not let him leave!" He went to the front of the caravan and blocked the path.

The leader tried to push him out of the way, but he would not move. He tried to drive the carts around him. But all the bulls had seen how strong he was, so they would not move either!

The man thought, "There is no doubt that this is a very intelligent bull, who knows I have given him only half-pay." So he made a new package containing the full one-thousand gold coins, and hung it instead around the bull's neck.

Then Grandma's Blackie recrossed the river and walked directly towards the old woman, his 'mother'. Along the way, the children tried to grab the money package, thinking it was a game. But he escaped them.

When the woman saw the heavy package, she was surprised. The children told her all about what happened down at the river. She opened the package and discovered the one-thousand gold coins.

The old woman also saw the tired look in the eyes of her 'child'. She said, "Oh my son, do you think I wish to live off the money you earn? Why did you wish to work so hard and suffer so? No matter how difficult it may be, I will always care for and look after you."

Then the kind woman washed the lovely bull and massaged his tired muscles with oil. She fed him good food and cared for him, until the end of their happy lives together.

The moral is: **Loving-kindness makes the poorest house into the richest home.**

*( Source: **Lumbini** Journal, Vol. 20, BE 2561, May 2017 )*





Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

**बौद्ध अध्ययन गोष्ठी**

*२०७५ भाद्र ३० गते*

### विषय- महागोपालक सुत्त
### (मज्भिम निकाय)

*प्रवचिका- श्रदेय इन्दावति गुरूमां*
*प्रस्तुति- सुर्य काजी शाक्य*

यस दिन श्रद्धेय इन्दावति गुरूमांले मज्भिम निकायको मूल पण्णासक अन्तरगत ३३सौं महागोपालक सुत्तको ब्याख्या गर्नु भयो ।

गाईको बथान रक्षा गर्न नसक्ने अयोग्य गोठालाका ११ वटा दोष वा त्रुटि हुन्छन् ति हुन– १) गोठालाले रूप चिन्न नसक्ने हुन्छ २) लक्षण चिन्न नसक्ने हुन्छ । ३) गाईहरूलाई काला भिंगाले तोक्दा धपाउन नसक्ने हुन्छ । ४) घाउहरू सफा गरी निको पार्न नजान्ने हुन्छ । ५) लामखुट्टेहरूलाई धपाउन धुंवा पार्न नजान्ने हुन्छ । ६) पानी पिलाउने ठाउँ थाहा नभएको हुन्छ । ७) वस्तुभाउले पुग्ने गरी पानी पिएको वा नपिएको थाहा नभएको हुन्छ । ८) घर आउने जाने वाटो थाहा नहुने हुन्छ । ९) चरन थाहा नपाएको हुन्छ । १०) वाच्छा वाच्छिको लागि बाँकी नराखी दुध दुहुने हुन्छ । ११) गाईहरूका वावु, नाइके साँढेको गौरव, सम्मान नगर्ने हुन्छ ।

यसको ठीक विपरित योग्य र सक्षम गोठालाले रूप चिन्न सक्ने हुन्छ, लक्षण चिन्ने हुन्छ, काला भिंगा धपाउन सक्ने हुन्छ, घाउ निको पार्न सक्ने हुन्छ, धूंवा पार्न सक्ने हुन्छ पानी पिलाउने ठाउँ थाहा हुन्छ, पुग्ने गरी पानी पिएको वा नपिएको थाहा हुन्छ, आउने जाने वाटोको ज्ञान हुन्छ, चरन थाहा हुन्छ, दुध बाँकी राखी दुहुने हुन्छ, साँढेको गौरव र सम्मान गर्ने हुन्छ ।

यसरी नै तलका ११ वटा दोष भएका भिक्षुहरूले बुद्ध धर्ममा अभिवृद्धि, विपुलता प्राप्त गर्न सक्दैन, ति हुन्–

१. चतुमहाभुत (पृथ्वी, जल, वायु, तेज) बाट बनेको रूपहरूलाई यथाभुत (जस्तो छ त्यस्तै) थाहा पाउँदैन ।
२. कर्मको लक्षण यथाभुत थाहा नपाए मुर्ख र थाहा पाए पण्डित हुने ज्ञान हुँदैन ।
३. उत्पन्न भएको काम विर्तक, ब्यापाद वितर्क नहटाई वस्छ ।
४. पंच इन्द्रियलाई संयम गर्दैन र त्यसबाट मनमा अकुशल धर्म उत्पन्न गर्दछ ।
५. भिक्षुले गुरूबाट धर्मको कुरा सिकेर त्यस अनुरूप अरूलाई सिकाउन सक्दैन ।
६. गुरूहरूवाट विनय नियम र धर्मको कुरा सिकेको हुँदैन र धर्म र विनयमा आई परेका समस्याहरू समाधान गर्न नसक्ने हुन्छ ।
७. तथागतले धर्म विनयको उपदेश दिंदा भिक्षुले अर्थ ज्ञान बुझ्दैन, धर्मको सार बुझ्दैन र धर्मको सार बुझेर खुशियाली ग्रहण गर्न सक्दैन ।
८. भिक्षुले आर्य अष्टाङ्गिक मार्गलाई यथाभूत रूपले वुझ्दैन ।
९. भिक्षुले चार स्मृति प्रस्थान यथाभूत रूपले थाहा पाएको हुँदैन ।
१०. श्रद्धालु ग्रहस्थीहरूले भिक्षुहरूलाई चतुप्रत्ययले सेवा गर्दा संतुष्ट पार्दा मात्रा ज्ञान नजान्ने हुन्छ ।
११. चिरकाल देखी प्रव्रजित वृद्ध स्थविर भिक्षुहरूलाई मैत्री पूर्वक कायिक वाचिक र मनोकर्म गरी पुजा गर्दैन ।

तर योग्य र सक्षम भिक्षुले ११ वटा गुणले संपन्न भएर यस वुद्ध शासनमा धर्म विनयमा अभिवृद्धि र उन्नति गर्न सक्छ ति हुन्–

१. जति पनि रूप छन् ति चार महाभूतवाट वनेका छन् भनि यथाभुत ज्ञान हुन्छ ।
२. कर्मको लक्षण यथाभूत थाहा नपाउने मूर्ख, थाहा पाउने पण्डित हुन्छ भन्ने ज्ञान हुन्छ ।
३. उत्पन्न भएका काम वितर्क, ब्यापद बितर्क, विहिंसा विर्तक हताउन प्रयत्न गर्दछ
४. पंच इन्द्रियमा उत्पन्न भएका विषय प्रति संयमी भएर मनमा अकुशल धर्म उत्पन्न हुन दिंदैन ।



Downloaded from http://www.dhamma.digital

५. भिक्षुले गुरूहरूबाट धर्म सिकेर अरूलाई उपदेश दिन सक्ने हुन्छ ।

६. गुरूहरूवाट विनय नियम र धर्मको कुराहरू सिकेको हुन्छ र आईपरेको समस्याहरूलाई समाधान गर्न सक्ने हुन्छ ।

७. तथागतले धर्म विनयको उपदेश दिंदा अर्थ ज्ञान वुभ्रेको हुन्छ, धर्मको सार वुभ्रेको हुन्छ र धर्म प्रमोद (मनमा खुशियाली) हुन्छ ।

८. भिक्षु आर्य अष्टाङ्गिक मार्गको यथार्थ जानकार हुन्छ ।

९. भिक्षु स्मृति प्रस्थानको यथार्थ ज्ञान भएको हुन्छ ।

१०. श्रद्धालु गृहस्थीहरूले भिक्षुहरूलाई चतुप्रत्ययले सेवा गरेर संतुष्ट पार्दा भिक्षुले मात्र ज्ञान थाहा पाएको हुन्छ ।

११. चिरकाल देखि प्रव्रजित वृद्ध स्थविर भिक्षुहरूलाई गुप्त वा प्रकट रूपमा मैत्री युक्त कायिक वाचिक र मनोकर्मद्वारा भिक्षुले सेवा र पूजा गर्ने हुन्छ । ✧

## कोधवग्गो

*२०७५ भाद्र २३ गते, शनिवार*

*प्रवक्ता- देवकाजी शाक्य*

*प्रस्तुती- राजभाई तुलाधर*

२२९. **यं चे विञ्ञू पसंसन्ति, अनुविच्च सुवे सुवे ।**
**अच्छिद्दवुत्तिं मेघाविं, पञ्ञासीलसमाहितं ॥**

२३०. **निक्खं जम्बोनदस्सेव, को तं निन्दितुमरहति ।**
**देवापि नं पसंसन्ति, ब्रह्मूनापि पसंसितो ॥**

२२९, २३० यदि विद्वान पण्डितहरूले कुनै ब्यक्तिलाई निर्दोष, दागरहित, विद्वान, शीलवान र प्रज्ञावान ठानेर उसको दिनहुं प्रशंसा गर्छ भने उसलाई कसले निन्दा गर्न सक्ला जो शुद्ध सुनको आभुषण जस्तो चम्कन्छ ? उसलाई त देवताहरूले पनि प्रंशसा गर्छ, महाब्रम्हाले पनि प्रशंसा नै गर्छ ।

रेवत, सारिपुत्र र आनन्द भन्तेहरूको विरूद्ध अतुल उपासकले गुनासो गरेपछि भगवान बुद्धले संसारमा निन्दित नहुने कोही छैन भन्नु भएको थियो । भगवानले यो पनि भन्नु भयो कि संसारमा सवैद्वारा निन्दित अथवा सबैद्वारा प्रशंसित पहिले पनि कोही थिएन, अहिले पनि छैन, भविष्यमा पनि हुने छैन । त्यसपछि भगवान्‌ले उसलाई अझ राम्ररी सम्झाउन माथिको गाथाहरू भन्नु भयो । उपदेशको अन्तमा अतुल र उसका साथीहरूले स्रोतापत्ति फल प्राप्त गरे ।

२३१. **कायप्पकोपं रक्खेय्य, कायेन संवुतो सिया ।**
**कायंदुच्चरितं हित्वा, कायेन सुचरितं चरे ॥**

२३१. कायिक दुष्कर्मबाट बच, कायलाई संयमित गर । सबै दुराचारलाई छोडेर सदाचारलाई अघि बढाउ ।

२३२. **वचीपकोपं रक्खेय्य, वाचाय संवुतोसिया ।**
**वचीदुच्चरितं हित्वा, वाचाय सुचरितं चरे ॥**

२३२. वाचिक दुष्कर्मबाट बच, बोलि वचनलाई संयमित गर । सवै वाचिक दुष्कर्मलाई छोडेर असल सत्य वचनलाई अघि बढाउ ।

२३३. **मनोपकोपं रक्खेय्य, मनसा संवुतो सिवा ।**
**मनोदुच्चरितं हित्वा, मनसा सुचरितं चरे ॥**

२३३. मानसिक दुष्कर्मबाट बच, मनलाई संयमित गर । सबै मानसिक दुष्कर्मलाई छोडेर असल चिन्तनलाई अघि बढाउ ।

२३४. **कायेन संवुता धीरा, अथो वाचाय संवुता ।**
**मनसा संवुता धीरा, ते वे सुपरिसंवुता ॥**

२३४. कायिक कर्म, वाचिक कर्म र मानसिक कर्ममा संयमित हुने धीर व्यक्तिलाई नै सुसंयमी भनिन्छ ।

माथिको चारवटा गाथाहरू भगवानले वेलुवन विहारमा रहनु हुँदा छवर्गीय भिक्षुहरूको असंयमित कृयाकलापको कारणले भन्नु भएको थियो । छ जना भिक्षुहरू काठको खराउ लगाएर, सबैले हातमा लट्ठी लिएर धेरै आवाज निस्कने गरी एउटा ठूलो ढुंगामा ओहोर दोहोर गरिरहेका थिए । आनन्दबाट ती भिक्षुहरूको बारेमा थाहा पाएपछि भगवानले उनीहरूलाई काठको खराउ लगाउन निषेध गर्नुभयो र मन, वचन, कर्ममा संयमित हुन भन्नुभयो । ✧

## शाक्यधीता नेपालको वार्षिक साधारण सभा सम्पन्न

*२०७५ आश्विन ३ गते, बुधवार*

*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन श्रद्धेय भिक्षुणी धम्मवतीको अध्यक्षतामा र श्रद्धेय अनुपमा गुरूमांको प्रमुख अतिथित्वमा शाक्यधीता नेपालको वार्षिक साधारण सभा सम्पन्न गरिएको थियो ।

श्रद्धेय चमेली गुरूमांले पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रममा शाक्यधीता नेपालको अध्यक्ष श्रद्धेय इन्दावती गुरूमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको



Downloaded from http://www.dhamma.digital

थियो भने सचिव श्रीमती मीना तुलाधरले आ.व. २०७४/७५ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो। यसरी नै श्रीमती सुमीत्रा तुलाधरले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो।


श्रद्धेय मेत्तावती गुरूमां लगायत इन्दावती गुरूमांले वि.सं २०७४ मंसिर २७ गते देखि पौष १२ गते सम्ममा सम्पन्न गरिएको तीर्थयात्रा कार्यक्रमबाट प्राप्त रु. १०,००० रकम श्रद्धेय धम्मवती गुरूमांको स्वास्थ्योपचारको लागि चन्दा प्रदान गरियो भने अन्य रु. ५०,०००।– शाक्यधीता नेपालको लागि चन्दा प्रदान गरिएको थियो।

कार्यक्रममा आ.व. २०७४/७५ अवधि भित्रमा संचालित विभिन्न कायक्रममा संयोजक, वक्ता एवं प्रशिक्षकको रूपमा योगदान पुऱ्याउनु भएका महानुभावहरूलाई मायाको चीनो पनि प्रदान गरिएको थियो।

मन्तव्यको क्रममा धम्मानुशासक श्रद्धेय धम्मवती गुरूमांले अन्तर्राष्ट्रिय शाक्यधीताको स्थापना भारतको बुद्धगयामा संचालित एक कार्यक्रममा भएको थियो। दलाई लामाको सल्लाह अनुसार बौद्ध महिलाहरूले पनि बुद्ध शिक्षा प्रचार कार्यमा केही गर्नु पर्छ भन्ने प्रस्तावलाई अनुमोदन हुनुभएका सहभागीहरू मध्ये बहुमतले पारित गरेनुसार शाक्यधीताको नामाकारण गरी यस संस्था स्थापना भएको विषयमा जानकारी दिनुभएको थियो। शाक्य भन्नाले शाक्य मुनी बुद्धलाई जनाउँछ भने धीता भन्नाले छोरी (पुत्री) जनाउँछ। त्यसैले शाक्यधीताले शाक्यमुनी बुद्धका छोरीहरू भन्ने अर्थ जनाउँछ।

उर्मीला तुलाधरले संचालन गर्नुभएको उक्त कार्यक्रमका प्रमुख अतिथी अनुपमा गुरूमांले पनि आफ्नो मन्तव्य व्यक्त गर्नुभएको थियो भने सह सचिव नानी केशरी वज्राचार्यले धन्यवाद ज्ञापन गर्नु भएको थियो। अन्त्यमा पुण्यानुमोदन गरी कार्यक्रम समापन गरिएको थियो। ✧

# निम्न माध्यमिक विद्यालय स्तरिय हाजिर जवाफ प्रतियोगिता



फोटो- प्रविन महर्जन

*२०७५ आश्विन १३ गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार*

धर्मकीर्ति विहारका संस्थापक अध्यक्ष शासनधज धम्माचरिय, अग्ग महागन्थवाचक पण्डित भिक्षुणी धम्मवती गुरूमांको ८५ औं जन्मोत्सवको शुभ उपलक्ष्यमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीले निम्न माध्यमिक विद्यालय स्तरिय बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरेको छ। उक्त प्रतियोगिताको विस्तृत विवरण यसरी रहेको छ।



Downloaded from http://www.dhamma.digital



फोटो- प्रविन महर्जन

आ-आफ्ना पुरस्कार हातमा लिई प्रसन्न मुद्रामा रहेका विद्यार्थीहरू भिक्षुणी धम्मवती लगायत कार्यक्रम आयोजकका साथ




फोटो- प्रविन महर्जन

श्री महेन्द्र सरस्वती सेवा आधारभूत विद्यालय




जगत सुन्दर ब्वनेकुठी सेकेण्डरी स्कूल




फोटो- प्रविन महर्जन

त्रिपुरा सेकेण्डरी स्कूल




त्यौद माध्यमिक विद्यालय

| क्र.सं. | प्रतियोगितामा सहभागी | प्राप्ताङ्क |
|---|---|---|
| १ | श्री महेन्द्र सरस्वती सेवा आधारभूत विद्यालय | ५५ (प्रथम) |
| २. | जगत सुन्दर ब्वनेकुठी सेकण्डरी स्कुल | २३ (द्वितीय) |
| ३. | त्रिपुरा सेकेण्डरी विद्यालय | १९ (तृतीय) |
| ४. | त्यौड माध्यमिक विद्यालय | १५ (चौथो) |



Downloaded from http://www.dhamma.digital




*क्वीज माष्टरहरू प्रश्न सोध्ने क्रममा*




*निर्णायक मण्डल*

फोटो- प्रविन महर्जन

| निर्णायक मण्डल | क्वीज माष्टरहरू |
|---|---|
| १. भिक्षु समित | १. वीर्यवती गुरूमां |
| २. केशावती गुरूमां | २. दीना कंसाकार |
| ३. खेमावती गुरूमां | |
| टाइम कीपर | स्कोर बोर्ड |
| १. सुमीत्रा तुलाधर | १. रामकुमारी मानन्धर |
| | २. इन्द्रकुमार नकर्मी |
| प्रश्न वितरक | साउण्ड सिष्टम |
| १. शुभद्रा स्थापित | १. उद्योग रत्न तुलाधर |
| उद्घोषक | संयोजक |
| १. उर्मीला तुलाधर | १. संरोज मानन्धर |

भिक्षु समितले पञ्चशील प्रार्थना गराउनुभएको उक्त कार्यक्रम भिक्षुणी धम्मवतीको सभापतित्त्वमा सञ्चालन गरिएको थियो । उक्त कार्यक्रममा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सचिव लोचनतारा तुलाधरले स्वागत मन्तव्य दिनुभएको थियो भने वीर्यवती गुरूमांले प्रतियोगिताको नियमहरू जानकारी गराउनु भएको थियो ।

**पुरस्कार प्रायोजकहरू-** प्रतियोगितामा पहिलो, दोश्रो, तेश्रो र चतुर्थ भएका विद्यालयहरूलाई पुरस्कार प्रायोजन गर्नुहुने दाताहरू यसरी हुनुहुन्थ्यो–

प्रथम पुरस्कार – भिक्षुणी धम्मवती
दोश्रो पुरस्कार – अमरलक्ष्मी तुलाधर
तेश्रो पुरस्कार – रसवन्ती कंसाकार
सान्त्वना पुरस्कार – श्यामलाल चित्रकार
Banner Sponser – मचाकाजी महर्जन

कार्यक्रमको अन्त्यमा सभापतीको आसनबाट श्रद्धेय भिक्षुणी धम्मवतीबाट ओवाद मन्तव्य व्यक्त गर्नु हुने क्रममा भन्नुभयो –

"यस हाजिर जवाफ प्रतियोगिता हारजीतको लागि नभई बुद्ध शिक्षा अध्ययन गर्ने मौका प्राप्त भएको सम्झी सहभागी भाई बहिनीहरूले अर्को सालमा संचालन हुने हाजिर जवाफ प्रतियोगितामा सफलता हासिल गर्नको लागि अझ बढि मेहनत गर्नुहुनेछ ।"

कार्यक्रमको अन्त्यमा संयोजक सरोज मानन्धरले धन्यवाद ज्ञापन गर्नुभई सभाविसर्जन गर्नुभएको थियो ।

**"निदाएको व्यक्तिहरूको गाउँसमेत बाढीले बगाए झैं पुत्र, पुत्री र प्राणीहरू प्रति आसक्त भइरहने ब्यक्तिहरूलाई मृत्युले बसमा पार्दछ ।"**

**"यहाँ वर्षकालमा वस्छु, यहाँ हेमन्त ऋतुमा वस्छु आदि भनी मूर्खजनले कल्पनायुक्त योजना बनाएर राख्छन् । तर वीचमा नै मृत्यु भय आउने कुरा उसलाई थाहा हुँदैन ।"**

**"त्यसैले हे पण्डित जन हो ! समयमा नै शीलवान् बनी निर्वाण तर्फ लग्ने मार्गलाई प्राप्त गर्न कोशिस गर ।"**

**– धम्मपद**



Downloaded from http://www.dhamma.digital

धर्म प्रचार — समाचार

## वार्षिक साधारण सभा

*२०७५ जेठ १ गते, शनिवार*

*स्थान- नगदेश बुद्ध विहार, धम्महल*

धर्मोदय सभा मध्यपुर थिमि नगर शाखाको १५ औं वार्षिक साधारण सभा सम्पन्न भएको समाचार छ। भिक्षु वर सम्बोधीबाट अष्टशील र पञ्चशील प्रार्थना गराइएको उक्त कार्यक्रम श्रद्धेय थाई भिक्षु खनङ्गबाट उद्घाटन भएको थियो। नगदेश बौद्ध समूहका सचिव उपासक कृष्णकुमार प्रजापतिले वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभए पश्चात् श्रद्धेय खेमावती गुरुमांले धर्मदेशना गर्नुभएको थियो। कार्यक्रममा सभाध्यक्ष उपासक दीपकराज साँपालले धन्यवाद ज्ञापन गर्नुभएपछि समापन गरिएको उक्त कार्यक्रममा दिवंगत उपासिका हेराकुमारी धजुको पुण्यस्मृतिमा उहाँका पुत्री उपासिका कृष्णकुमारी बांडेले उपस्थित सबैलाई जलपान र भोजनको प्रवन्ध मिलाई पुण्य सञ्चय गर्नुभएको थियो।

## ध्यानकुटी विहार तथा मैत्री केन्द्रको साधारण सभा सम्पन्न

ध्यानकुटी विहार संरक्षण समितिको प्रथम वार्षिक साधारण सभा तथा मैत्री केन्द्रको १८ औं वार्षिक साधारण सभा यस संस्थाका धर्मानुशासक श्रद्धेय भिक्षु अश्वघोष महास्थविर भन्तेज्यूको सभापतित्वमा बि.सं.२०७५ असोज १३ गते, शनिबारका दिन बनेपा ध्यानकुटी विहार, मैत्री केन्द्रमा सम्पन्न भयो। उक्त सभामा भिक्षु अश्वघोष महास्थविर भन्तेज्यूले पञ्चशील प्रार्थना गराउनु भएको थियो। मैत्री केन्द्रका उपाध्यक्ष्य बिरेन्द्र श्रेष्ठज्यूले स्वागत भाषण गर्नु भएको उक्त कार्यक्रममा ध्यानकुटी विहार संरक्षण समितिका सचिव बुद्धभक्त रञ्जितज्यूले वार्षिक प्रतिवेदन तथा मैत्री केन्द्रका सचिव भिक्षु धर्ममूर्ति महास्थविरज्यूले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो। कार्यक्रममा आर्थिक सहयोग गर्ने दाताहरूलाई प्रसंशा-पत्र छात्रवृत्ति पनि प्रदान गरिएको थियो। अध्यक्ष्य भिक्षु राहुल महास्थविरज्यूले धन्यबाद ज्ञापन तथा सभापतिज्यूको अनुशासना पश्चात सभा समापन भएको थियो।

## २२८० औं शस्त्र परित्याग दिवस

*२०७५ कार्तिक २ गते, शुक्रवार*

*स्थान- गणमहाविहार*

सम्राट अशोकद्वारा शस्त्र अस्त्र परित्याग गरी निशस्त्रीकरण अभियानको घोषणा गर्नुभएको दिन आश्विन शुक्ल दशमी एवं विजया दशमीको दिनलाई स्मरण गर्दै प्राणी हिंसा नगर्ने र नगराउने चेतना जगाउने लक्ष लिई थेरवाद बौद्ध दायक केन्द्रिय परिषद र गणमहाविहारको संयुक्त आयोजनामा २२८० औं शस्त्र परित्याग दिवस सम्पन्न गरिएको समाचार प्राप्त भएको छ।

प्राप्त समाचार अनुसार थेरवाद बौद्ध दायक केन्द्रिय परिषदको आयोजनामा यस कार्यक्रम विभिन्न गाउँ गाउँमा जागरण मनाउँदै आएको २५ वर्ष भइसकेको कारणले यसपाली यस परिषदले रजत जयन्ती समारोहको रूपमा पनि यस कार्यक्रम संचालन गरिएको थियो।

## शस्त्र परित्याग दिवस

*२०७५ आश्विन २४–३०*

*स्थान- पिपली थेरवाद बुद्ध विहार, कालोपुल*

यसदिन पिप्पली थेरवाद बुद्ध विहार र अन्तर्राष्ट्रिय बुद्ध परियत्ति उदय विहार परिवारको संयुक्त आयोजनामा २२८० औं शस्त्र परित्याग दिवस सम्पन्न गरिएको समाचार छ। भारतका सम्राट अशोकले कलिङ्ग युद्ध पश्चात् पश्चाताप गरी युद्ध होइन आफ्नो चित्तलाई विजय गरी शस्त्र अस्त्र परित्याग गरेको दिनलाई विजया दशमीको रूपमा मनाइने गर्दै आएको फलस्वरूप यसपाली २२८० औं शस्त्र परित्याग दिवस मनाइएको विजयलाई प्राप्त सामाचारमा उल्लेख गरिएको छ।

कार्यक्रममा अखिल नेपाल भिक्षु महासंघका उपाध्यक्ष श्रद्धेय भिक्षु धर्ममूर्तिले उद्घाटन गर्नुभएको थियो।

कार्यक्रम आश्विन २४ गते देखि ३०गते सम्म साप्ताहिक धर्मदेशना गराई संचालन गरिएको थियो।



Downloaded from http://www.dhamma.digital

*‘**धर्मकीर्ति विहार संरक्षण कोषको पन्ध्रौं वार्षिक साधारण सभा**’ को बाँकी अंश*

**वार्षिक प्रतिवेदन**

| क्र.सं. | कोष अन्तरगतका इकाईहरू | प्रतिवदेन प्रस्तुत गर्नुहुने व्यक्ति |
|---|---|---|
| १. | धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी | मीन शोभा शाक्य |
| २. | धर्मकीर्ति स्वास्थ्य कमिटी | संयोजक रोशन काजी तुलाधर |
| ३. | धर्मकीर्ति बौद्ध मासिक पत्रिका | प्रमुख व्यवस्थापक, चिनीकाजी महर्जन |
| ४. | धर्मकीर्ति विहार बुद्धपूजा कमिटी | सदस्य, चुनुदेवी वज्राचार्य |
| ५. | धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन | सचिव, प्रेमलक्ष्मी तुलाधर |
| ६. | अध्ययन तथा भ्रमण कमिटी | उद्योग रत्न तुलाधर |
| ७. | धर्मकीर्ति शिक्षा सदन | प्रस्तुत नभएको |
| ८. | सूचना तथा जनसम्पर्क कमिटी | प्रस्तुत नभएको |
| ९. | धर्मकीर्ति पब्लिक इमेज कमिटी | प्रस्तुत नभएको |
| | शाखा विहारहरू :- | |
| १. | निर्वाण मूर्ति विहार, स्वयम्भू | सचिव अमृतमान ताम्राकार |
| २. | पद्मकीर्ति विहार, कमलपोखरी | अगम्य रत्न कंसाकार |
| ३. | धर्मकीर्ति वसुन्धरा विहार, वसुन्धरा | मदन रत्न मानन्धर |
| ४. | सुलक्षण कीर्ति विहार, चोभार | प्रस्तुत नभएको |

प्रतिवेदन प्रस्तुती पश्चात् लेखा परिक्षक श्यामलाल चित्रकारलाई पुनः सोही पदमा नियुक्ती गरी पारिश्रमिक पहिला भन्दा १ हजार वढाईएको जानकारी दिइएको थियो ।

कोषको कार्यकारिणी समिति पनि पहिला कै अनुरूप कायम भएको जानकारी पनि दिइएको थियो ।

कार्यक्रमको अन्त्यमा कोषका पूर्व सचिव एवं हालका सदस्य मीना तुलाधरले धन्यवाद ज्ञापन गर्नु भएको थियो ।

अन्त्यमा भिक्षुणी धम्मवतीले अध्यक्षाको आसनबाट ओवाद मन्तव्य दिनुभई कार्यक्रम समापन गर्नुभएको थियो ।

# धर्मकीर्ति पत्रिकाको सूचना !

१) ‘धर्मकीर्ति’ प्रत्येक पूर्णिमाको दिन निस्कन्छ ।

२) ‘धर्मकीर्ति’ का लागि धार्मिक, सामाजिक एवं नैतिक पक्षका लेखहरू (सकेसम्म टाइप गरेर) लेखी पठाउनु होस् ।

३) विहार एवं विभिन्न स्थानहरूमा भएका बौद्ध गतिविधिहरू समयै (औंसिसम्म) हामीलाई (सकेसम्म टाइप गरेर) लेखी पठाउनु होस् ।

४) हामी तपाईंको स्वस्थ प्रतिक्रियाको स्वागत गर्दछौं ।

५) लेखकद्वारा लेखिएको कुनै पनि विचारको जिम्मेवारी लेखक आफैं हुनेछ, –सम्पादक मण्डल हुनेछैन ।

Downloaded from http://www.dhamma.digital

आवरण चित्र परिचय

# दुई हंडीहरू

*लेखक*- **कल्याण मित्र सत्यनारायण गोयन्का**
*अनुवाद*- **वीर्यवती**

भगवान् बुद्धको जीवनकालको एक घटना । एक व्यक्ति भगवान् बुद्ध समक्ष आई रूदै भन्न थाल्यो–

भन्ते भगवान ! हिजो मेरो बुबा दिवंगत हुनुभयो । त्यसैले म हजुर समक्ष एउटा प्रार्थना गर्न आएँ–

"हजुरले मेरो लागि केही गरिदिनु पऱ्यो । सानातिना पंडे पुजारीहरूले दिवंगत व्यक्तिहरूको लागि स्वर्गको ढोका उघार्ने कर्मकाण्ड गरिदिन्छन् । त्यसैले स्वर्ग भित्र छिर्न त पाउने भयो । तर हजुर जस्तो महापुरूषले यस्तो कर्मकाण्ड पनि गराइदिनुपऱ्यो जुन कार्य गर्दा स्वर्ग भित्र छिर्ने मात्र होइन त्यहाँ स्थायी रूपले रहन पाउने ठाउँ पनि प्राप्त होस् । हजुरले मेरो दिवंगत बुबाको लागि यस्तो उपकार पनि गरिदिनु पऱ्यो ।"

भगवान् बुद्धले सोच्नु भयो– "यो व्यक्ति अहिले भावावेशमा रहेको छ । अहिले यसलाई जति सम्झाएपनि केही लाग्ने छैन । यस्ता व्यक्तिहरूलाई सम्झाउनको लागि भगवान् बुद्धले अलग्ग तरिका अपनाउन जान्नु हुन्छ । त्यसैले उहाँले भन्नुभयो–

"भाई ! तिमी बजारमा गई माटोको दुईवटा हंडीहरू किनेर ल्याऊ ।"

त्यस व्यक्ति ज्यादै खुशी हुन थाल्यो । उसले सोच्यो– "भगवान् बुद्धले अवश्य पनि कुनै कर्मकाण्ड गराउन खोज्नु भएको छ । दगुरेर गई माटोमा दुई हंडीहरू किनेर ल्याए ।

भगवान् बुद्धले भन्नुभयो– "एउटा हंडीमा घ्यू भर । अर्को हंडीमा पत्थर र कंकडहरूले भर्नु । त्यसपछि दुबै हंडीहरूलाई छोपेर सील गरिदिनु । यति गरिसकेपछि यी दुवै हंडीहरूलाई तलाऊको किनारमा होइन पानीको स्रोतमा लगी राखिदिनु ।"

यति गरिसकेपछि दुबै हंडीहरू वजन अनुसार तलाऊको फेदमा पुग्यो । तब भगवान् बुद्धले भन्नुभयो–

"एउटा मोटो डण्डी ल्याई यी दुबै हंडीहरूलाई जोडले हिर्काईदिनु । फुटालीदिनु यी दुबै हंडीहरू ।

आजभोली जस्तै त्यस समयमा पनि अन्धमान्यताको प्रचलन थियो । यही अन्ध मान्यता अनुसार श्मशानमा आधा जलिसकेको आफ्नो बुबाको लाशबाट खोपडी झिकेर ल्याई छोराले उक्त खोपडीलाई लाठीले हानेर फुटाल्ने गर्थ्यो । यस्तो कार्य गरिसकेपछि मात्र आफ्नो दिवंगत बुबालाई स्वर्गको स्थान प्राप्त हुनेछ भन्ने मिथ्या धारणा रहेको थियो । त्यसैले त्यस व्यक्ति पनि खुशी हुन थाल्यो, "भगवान् बुद्धले माटोका दुबै हंडीहरू फुटाल्न लगाई कर्मकाण्ड पुरा गराउँदै हुनुहुन्छ भनेर" । माटोका हंडीहरू दुबै फुटालिदियो । तब जुन हंडीमा घिऊ राखिएको थियो, ती घिऊहरू पानीमाथि तैरिन थाले । जुन हंडीभित्र कंकड र पत्थरहरू थिए, ती सबै पानीको सतह मुनि जम्मा हुनथाले ।

त्यसपछि भगवान् बुद्धले भन्नुभयो- "(हेर भाई !) मैले यति काम त गराइदिएँ । अब तिमीले आफ्नो पुरोहितलाई बोलाई उनीलाई यहाँ बसाई यसरी प्रार्थना गर्न लगाउनु–

"कंकड र पत्थर सबै पानी माथि तैरिएर आउनु । घ्यू सबै पानी मुनि डुब्दै जानु । उसको प्रार्थना अनुसार यो चमत्कार हुन्छ हुँदैन, हामी पनि हेरौं न ।"

(भगवान् बुद्धको यो कुरा सुनिसकेपछि) त्यस व्यक्तिले भन्यो– "भगवान ! यो कसरी हुन सक्छ र (कंकड र पत्थर भनेको त गऱ्हौं चीज भएको कारणले यी सबै पानी मुनी नै रहन्छ । तर घ्यू हलुका चीज भएको कारणले यी सधैं पानी माथि नै तैरिने गर्छ नि ! कहिले पनि पानी मुनी बस्दैन । यो त प्रकृतिको नियम नै हो ।"

उसको यो कुरा सुन्नु भएपछि भगवान् बुद्धले भन्नुभयो– "तिमीले त प्रकृतीको नियम सबै बुझेका रहेछौ । तैपनि तिमीले तिम्रो बुबाले आफ्नो जीवनमा कंकड र पत्थर जस्तै गऱ्हौं र दुषित काम गरेको रहेछ भने तल्लो र नीच गतिमा जन्म लिन्छ । उसलाई कसैले पनि माथि उठाउन सक्दैन । यदि उसले घ्यू जस्तै हलूका र उत्तम कार्य गरेको रहेछ भने माथिल्लो र उत्तम गतिमा जन्म लिन्छ । उसलाई कसैले तानेर तल झार्न सक्दैन भन्ने कुरा किन बुझ्न सकेनौ ?"

धर्मको यो अटूट नियम जब बुझ्न थाल्छ, जस्तो काम गऱ्यो, त्यस्तै फल प्राप्त हुँदो रहेछ भन्ने ज्ञान थाहा पाउँछ, तब त्यस व्यक्तिले आफ्नो कर्म प्रति सहज रहन सक्नेछ । गलत कर्मकाण्डबाट टाढा रहन सक्नेछ ।

यस्तो उपदेश भगवान् बुद्धले महानाम शाक्यलाई दिनुभएको थियो ।

*(सं.नि. ३-५- १०१७, पठममहानामसुत्त)*

✽

मुद्रकः न्यू नेपाल प्रेस १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI
A BUDDHIST MONTHLY




साभार: बुद्ध जीवन चित्रावली - आचार्य सत्यनारायण गोयन्का

नराम्रो कार्यको फल दशाको रुपमा पत्थर जस्तै गऱ्हौं हुने र असल कार्यको फल भाग्यको रुपमा घ्यू जस्तै हलुका हुने विषयमा ज्ञान दिनुहुँदै भगवान् बुद्ध ।


वर्ष-३६; अङ्क-७ बु.सं. २५६२, कतिं पुन्हि



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार संरक्षण कोषको पन्ध्रौं वार्षिक साधारण सभा




*धर्मकीर्ति विहार संरक्षण कोषको वार्षिक साधारण सभामा ओवाद मन्तव्य दिनुहुँदै धम्मवती गुरुमां*

*२०७५ आश्विन २० गते, शनिवार*
*स्थान- धर्मकीर्ति विहार, धम्महल*

यसदिन धर्मकीर्ति विहार संरक्षण कोषले आफ्नो १५ औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ । कोषका अध्यक्ष श्रद्धेय भिक्षुणी धम्मवतीको सभापत्तित्त्वमा सदस्य मदन रत्न मानन्धरले संचालन गर्नुभएको उक्त कार्यक्रममा उपाध्यक्ष भिक्षुणी चमेली गुरूमांले स्वागत मन्तव्य व्यक्त गर्नुभएको थियो ।

भिक्षुणी धम्मवतीवाट पञ्चशील प्रार्थना गराउनु भएको उक्त कार्यक्रम उहाँबाट नै उद्‌घाटन पनि भएको थियो । कोषका सचिव प्रफुल्लकमल ताम्राकारले कोषको वार्षिक प्रतिवेदन प्रस्तुत गर्नुभएपछि कोषाध्यक्ष अजय रत्न स्थापितले कोषको आयव्यय विवरण प्रस्तुत गर्नुभएको उक्त कार्यक्रममा कोष अन्तरगतका विभिन्न इकाईहरू र शाखा विहारहरूको प्रतिवेदन यसरी प्रस्तुत गरिएको थियो ।

*( क्रमशः कभर पछाडिको भित्री पेजमा )*

Downloaded from http://www.dhamma.digital